लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ३, अंक १३, २०७६ आश्विन (Year 3, Issue 13, Sep/Oct. 2019)

सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनको २३ औँ महासभा सम्पन्न



महासभामा सहभागी माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल सहितका पदाधिकारीहरु ।

सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको २३ औँ महासभा International Congress of Supreme Audit Institutions (INCOSAI) रुसको राजधानी मस्कोमा २३-२७ नोभेम्बर, २०१९ मा सम्पन्न भयो । महासभामा नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको तर्फबाट माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको नेतृत्वमा उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल र नायब- महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारी सहित तीन सदस्यीय टोलीले सहभागिता जनाएको थियो । सो महासभामा विश्वका १६९ राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुख तथा संयुक्त राष्ट्रसंघ, विश्व बैङ्क लगायत विभिन्न संस्थाका दुई हजार भन्दा बढी पदाधिकारीहरुको सहभागिता रहेको थियो । महासभाको उद्घाटन रुसका महामहिम राष्ट्रपति भ्लादिमिर पुटिनले गर्नु भएको थियो । उहाँले आफ्नो मन्तव्यको क्रममा गुणस्तरीय लेखापरीक्षण नतिजा निर्माण गर्ने कार्यमा यो महासभा एउटा कोशेढुङ्गा हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

क्रमश: पेज १३ मा

यसभित्र .....

क्र.सं.	विषय	पेज नं.
१	माननीय महालेखापरीक्षकज्यूको सन्देश	२
२	आश्विन महिनाका कार्यालय गतिविधि	३
३	भाद्र महिनाका कार्यालय गतिविधि	४
४	श्रावण महिनाका कार्यालय गतिविधि	६
५	नेपाल र पाकिस्तानको सर्वोच्च लेखापरीक्षण संस्थाबीच समझदारीपत्रमा हस्ताक्षर	१३
६	अन्तर्राष्ट्रिय गतिविधि	१५
७	दिगो विकास लक्ष्य सम्बन्धी बैठकमा माननीय महालेखापरीक्षकज्यूको सहभागिता	२०
७	मस्को घोषणापत्र २०१९ को सारांश	२२

संरक्षक
माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा, दंगाल

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री बाबुराम गौतम

सम्पादक मण्डल
संयोजक
श्री विष्णुप्रसाद रिजाल

सदस्य
श्री महेश पौड्याल
श्री मुकुन्द घिमिरे
श्री मल्लिका श्रेष्ठ

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं ।
फोन नं. ०१-४२६२९५८
फ्याक्स नं. ०१-४२६८३०९
E-mail: oagnep@ntc.net.np
info@oag.gov.np
Website: oagnep.gov.np

नोटिस बोर्ड नं
१६१८०१४२५३२७०

सम्पादकीय .....

महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७६ अनुसार तोकिए बमोजिम प्रथम चरणको लेखापरीक्षण कार्य सम्पन्न भएको छ भने दोस्रो चरणको लेखापरीक्षण कार्य कार्तिक महिनादेखि संचालन हुने क्रममा रहेको छ। प्रथम चरणको लेखापरीक्षण डोरको समीक्षा भई आगामी दिनमा गर्नुपर्ने सुधार सम्बन्धमा माननीय महालेखापरीक्षकज्यूले सम्बन्धित कर्मचारीहरुलाई आवश्यक निर्देशन दिइसक्नु भएको छ ।

यस वर्ष ३१४४ संघीय कार्यालय, १०९३ प्रदेश कार्यालय, ७५३ स्थानीय तह र ८२ संगठित संस्था गरी जम्मा ५,०८७ निकायको लेखापरीक्षण हुन गइरहेको छ। विभिन्न १२ विषयको कार्यमूलक र ३ सूचना प्रविधि तथा छनोट भएका केही कार्यालयको विशेष लेखापरीक्षण समेत गर्ने कार्यक्रम रहेको छ । संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य कार्यालय वा संस्थाको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ । यस क्रममा सम्पूर्ण कर्मचारीहरुलाई कार्यालयले विगत ६ दशकदेखि सार्वजनिक लेखापरीक्षणका क्षेत्रमा कार्यालयले गरेका प्रयासहरु, प्रतिपादन गरेका सिद्धान्त र अवलम्वन गरेका असल अभ्यास हरुलाई अवलम्वन गर्दै सार्वजनिक स्रोत साधनको अधिकतम सदुपयोग हुने र कार्यालयको गरिमा तथा मर्यादा लाई समेत स्मरण गर्दै नतिजामुखी कार्यसम्पादनमा जोड दिनुपर्ने देखिन्छ ।

माननीय महालेखापरीक्षकज्यूको सन्देश



नेपालको महालेखापरीक्षकको नियुक्तिसँगै कार्यालयको स्थापना भएको ६० वर्ष पूरा भएको छ । यस बीचमा संविधान र प्रचलित कानून बमोजिम लेखापरीक्षण गरी ५६ वटा वार्षिक प्रतिवेदन राष्ट्र प्रमुख समक्ष पेश भइसकेका छन् । यसरी पेश भएका प्रतिवेदनमा सार्वजनिक निकायबाट भए गरेका आर्थिक व्यवहारका विषयमा टिप्पणी सुझावसमेत उल्लेख भएका छन् । महालेखापरीक्षकले प्रतिवेदनमा औंल्याएको केही विषयहरु नीतिगत र संस्थागत रुपमा सम्बोधन हुने गरेका छन् । कतिपय विषयहरु अझ पनि सम्बोधन र सुधार हुन बाँकी रहेकाले एकै प्रकृतिका व्यहोराहरुमा पुनरावृत्ति हुने गरेका छन् । यसमा सुधार हुनुपर्दछ ।

अनियमितता र बेरुजूका विषय विश्लेषण गर्ने हो भने करिब ४० प्रतिशत बेरुजू नियमित गर्ने, करिब ४० प्रतिशत पेश्की बाँकी र १५-२० प्रतिशत असुल उपर गर्ने वर्गीकरण अर्न्तगत पर्ने गरेको छ । सरजमिनमा लेखापरीक्षक खटाएरै परीक्षण गर्दा समेत ४० प्रतिशत विषयहरु कागजात प्रमाण नपुगेको, कानूनी प्रक्रिया नमिलेको भन्नेजस्ता कैफियत देखिनुमा हाम्रो आर्थिक प्रशासन सञ्चालनमा प्रारम्भिक प्रकृयात्मक समस्या रहेका छन् ।

सार्वजनिक निकायहरुमा आन्तरिक नियन्त्रण र निगरानी तथा आन्तरिक लेखापरीक्षणको प्रभावकारीतामा वृद्धि गर्न सकेमा यस्ता प्रकृतिका विषयहरु अन्तिम लेखापरीक्षण हुनु अगाडी नै सुधार गर्न सकिन्छ । मन्त्रालय, विभाग, कार्यालयहरुको जिम्मेवारी आन्तरिक निगरानी र नियमन गर्ने हो भने महालेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयहरुको जिम्मेवारी भुक्तानी र आन्तरिक लेखापरीक्षण समेत गर्ने हो । भुक्तानीको अवधिमै नियमित भए नभएको तर्फ ध्यान दिई खर्च लेख्ने परिपाटी बसाल्न सकेमा यसप्रकारका प्रकृयागत त्रुटिका बेरुजूलाई न्यूनीकरण गर्न सकिन्छ । यसमा सरकारी संयन्त्र नै चनाखो र पूर्ण क्रियाशील हुनुपर्दछ । हालको आर्थिक कार्यविधि तथा वित्तीय जवाफदेहिता सम्बन्धी ऐन २०७६ मा यस सम्बन्धी पर्याप्त व्यवस्था रहेकोले कार्यान्वयनमा आउनु पर्छ ।

हाम्रो लेखापरीक्षण प्रक्रियामा पनि केही सुधारको खाँचो छ । महालेखापरीक्षकको कार्यालयबाट भईरहेका लेखापरीक्षणकै पद्धतिमा समेत केही परिवर्तन आवश्यक ठानिएको छ । सोही अनुसार यसवर्ष देखि लेखापरीक्षणलाई विषयक्षेत्र र विशेषज्ञ केन्द्रित बनाउने प्रयास गरिएको छ । जस अनुसार विगतमा एकल लेखापरीक्षण टोली मार्फत लेखापरीक्षण भएकोमा हाल जिल्लामा विशिष्टिकृत लेखापरीक्षण टोली मार्फत लेखापरीक्षण

क्रमशः पेज १४ मा

आश्विन महिनाका कार्यालय गतिविधि

प्रथम चरणको स्थलगत लेखापरीक्षण सम्पन्न

आश्विन, २०७६

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण गर्न माननीय महालेखापरीक्षकज्यूबाट स्वीकृत वार्षिक लेखापरीक्षण योजना, २०७६ अनुसार प्रथम चरणको स्थलगत लेखापरीक्षण कार्य सम्पन्न भएको छ। आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षणका लागि कार्यालयले प्रथम चरणमा २०७६ भाद्र पहिलो हप्तादेखि दार्चुला, बैतडी, बझाङ, बाजुरा, अछाम, हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, जाजरकोट, रुकुम पश्चिम, रुकुम पूर्व, सल्यान, प्युठान, रोल्पा, मनाङ, मुस्ताङ, म्यार्दी, रसुवा, सिन्धुपाल्चोक, खोटाङ, भोजपुर, संखुवासभा, ताप्लेजुङ, तेह्रथुम र पाँचथर गरी जम्मा २७ जिल्ला, काठमाडौँ उपत्यका र उल्लेखित जिल्लाबाहेक संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका निकायहरुको स्थलगत लेखापरीक्षण गर्न टोली खटाएको थियो।

लेखापरीक्षणका क्रममा संविधान तथा प्रचलित कानून बमोजिम तोकिएका निकायको कार्यसम्पादन स्थिति, स्रोत साधनको उपयोग र वित्तीय अनुशासन पालना समेतलाई ध्यान दिई देखिएका व्यहोराहरुमा एकरुपता कायम गर्ने प्रयास गरिएको छ।

सूचना प्रविधि लेखापरीक्षण सम्बन्धमा छलफल



सूचना प्रविधि लेखापरीक्षण सम्बन्धी छलफल कार्यक्रमका सहभागीहरु।

९ आश्विन, २०७६

महालेखापरीक्षकको कार्यालयले यो वर्ष आन्तरिक राजस्व विभाग, यातायात व्यवस्था विभाग र कम्पनी रजिष्ट्रारको कार्यालयले सञ्चालनमा ल्याएका सूचना प्रविधि प्रणालीको लेखापरीक्षण गर्ने कार्यक्रम रहेको छ। ती निकायमा सञ्चालित सूचना प्रविधि प्रणालीका विविध पक्षमा सरोकारवाला निकायका पदाधिकारीसँग छलफल भयो।

कार्यक्रममा आन्तरिक राजस्व विभागका सूचना प्रविधि निर्देशक श्री चुडामणि ढुंगानाले Integrated Tax System, कम्पनी रजिस्ट्रारको कार्यालयका सूचना प्रविधि अधिकृत श्री नारायण कुमार विष्टले Company Registration System र यातायात व्यवस्था विभागका सूचना प्रविधि निर्देशक श्री चन्द्र शाहले Electronic Driving License and Vehicle Registration System सँग सम्बन्धित हार्डवेयर, सफ्टवेयर, सुरक्षण, जनशक्ति तथा व्यवस्थापन र सञ्चालनसँग सम्बन्धित विषयवस्तुका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो। उप-महालेखापरीक्षक श्री बाबुराम गौतमको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कार्यालयका सूचना प्रविधि निर्देशक श्री रमेशराज सुवेदीले सूचना प्रविधि लेखापरीक्षणका विविध विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।

कार्यक्रममा National Audit Office UK का Senior Audit Expert, The World Bank र Department for International Devlopment का प्रतिनिधि, आन्तरिक राजस्व विभागका उपमहानिर्देशक, कम्पनी रजिस्ट्रारको कार्यालयका उपरजिस्ट्रार लगायतको उपस्थिति रहेको थियो।

भाद्र महिनाका कार्यालय गतिविधि

सम्माननीय प्रधानन्यायाधीश र माननीय महालेखापरीक्षक बीच छलफल

२६ भाद्र, २०७६

सर्वोच्च अदालतका सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शमशेर जबराज्यूको उपस्थितिमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला र महालेखापरीक्षकको कार्यालयका उपमहालेखापरीक्षक श्री बाबुराम गौतम सहितको सहभागितामा सर्वोच्च अदालत र मातहतका निकायको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्बन्धमा छलफल भयो ।


सम्माननीय प्रधानन्यायाधीश र माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरु ।

छलफलमा सम्माननीय प्रधानन्यायाधीशज्यूले विगतमा महालेखापरीक्षकको प्रतिवेदनले औंल्याएका बेरुजू फछ्यौंट गर्न तदारुकता देखाएको तथा प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु कार्यान्वयन गर्न सर्वोच्च अदालत र मातहत निकाय क्रियाशील रहने बताउनुभयो ।

सो क्रममा माननीय महालेखापरीक्षकज्यूले सम्माननीय प्रधानन्यायाधीशज्यूलाई महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा सर्वोच्च अदालत र मातहत कार्यालयको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु र आ. व. २०७५/०७६ को वार्षिक लेखापरीक्षण योजना बारे अवगत गराउनु भयो । त्यसै गरी सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार निरौलाले लेखापरीक्षण गर्न खटिई आएको टोलीसँग आपसी समन्वय र सम्पर्कमा रही लेखापरीक्षण कार्यलाई सहज र प्रभावकारी बनाउन सहयोग गर्ने बताउनु भयो ।

नियामक निकायका पदाधिकारीसँग छलफल

२६ भाद्र, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको समुपस्थितिमा विभिन्न नियामक निकायका प्रमुखहरुसँग लेखापरीक्षणका विविध विषयमा महालेखापरीक्षकको कार्यालय, बबरमहलमा छलफल सम्पन्न भयो । लेखापरीक्षण ऐन, २०७५ को दफा २४(२) मा महालेखापरीक्षकले संविधान र सो ऐनको अधीनमा रही लेखापरीक्षण सम्बन्धी व्यवस्थाका सम्बन्धमा निर्देशन दिन सक्ने व्यवस्था रहेको छ । उक्त छलफलमा नेपाल राष्ट्र बैंक, सहकारी विभाग, लेखापरीक्षणमान बोर्ड, नेपाल लेखामान बोर्ड, बीमा समिति, नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था लगायत ९ निकायका प्रमुख तथा पदाधिकारीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले नियामक निकायहरुले मातहतका इकाईहरु तथा Operating Agency भरपर्दो, दक्ष र प्रभावकारी भए नभएको ती एजेन्सीहरु चुस्त दुरुस्त छन् कि छैनन् अनुगमन गनुपर्ने र उक्त एजेन्सीहरुले निर्देशिका, मानदण्ड पूरा गरेका छैनन् भने सो विषय लेखापरीक्षण प्रतिवेदनमा औंल्याउन निर्देशन दिनुभयो । उहाँले त्यस्तै नियामक निकायबीच एक आपसमा उपयोगी सूचनाहरु आदान-प्रदान गरी आफ्नो कार्यलाई प्रभावकारी


नियामक निकायका प्रमुख तथा पदाधिकारीहरुलाई निर्देशन दिनुहुँदै माननीय महालेखापरीक्षकज्यू ।

बनाउन सक्नेतर्फ ध्यानाकर्षण गराउनु भयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री शिवराज श्रेष्ठ, सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डे, लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, लेखामान बोर्डका अध्यक्ष श्री महेश खनाल, नेपाल नागरिक उड्डयन प्राधिकरणका निमित्त महानिर्देशक श्री नरेन्द्र बहादुर थापा, बीमा समितिका अध्यक्ष श्री चिरञ्जिवी चापागाईं, नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था (आइक्यान) का अध्यक्ष श्री कृष्णप्रसाद आचार्यले आफ्नो निकायसँग सम्बन्धित विषयमा विद्यमान समस्या र सोको समाधानका लागि भइरहेका प्रयासहरुबारे जानकारी गराउनु भएको थियो ।

संगठित संस्थाका पदाधिकारीसँग छलफल

२४ भाद्र, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको समुपस्थितिमा राष्ट्रिय बीमा संस्थान, बीमा समिति र राष्ट्रिय बीमा कम्पनी लिमिटेडको लेखापरीक्षणका सम्बन्धमा छलफल सम्पन्न भयो । छलफलमा माननीय महालेखापरीक्षकज्यूले गत विगत वर्षको बक्यौता रहेको लेखापरीक्षण कार्य २०७६ माघ मसान्तभित्र सम्पन्न गर्न निर्देशन दिनुभयो ।

छलफलमा बीमा समितिका अध्यक्ष श्री चिरञ्जिवी चापागाईं, राष्ट्रिय बीमा संस्थानका नायब महाप्रबन्धक श्री महेश रिमाल र राष्ट्रिय बीमा कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री डिल्लीराज अर्यालले आफ्नो संस्थासंग सम्बन्धित विषयमा आ-आफ्नो भनाई राख्नुभएको थियो । सो अवसरमा ती संस्थाको लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षकहरुको समेत सहभागिता रहेको थियो ।



छलफलमा सहभागी माननीय महालेखापरीक्षकज्यू सहितका पदाधिकारीहरु ।

महालेखापरीक्षकसँग राष्ट्र संघीय विकास कार्यक्रमका आवासीय प्रतिनिधिको भेट

२० भाद्र, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूसँग संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) का आवासीय प्रतिनिधि श्री Ayshanie Medagangoda-Labé ले शिष्टाचार भेटघाट गर्नुभयो ।

सो क्रममा माननीय महालेखापरीक्षकज्यूले कार्यालयले जोखिममा आधारित लेखापरीक्षणको माध्यमबाट संघ, प्रदेश र स्थानीय तहमा वित्तीय सुशासन कायम गर्न तथा सार्वजनिक स्रोत साधनको संरक्षण र सदुपयोगमा आफ्नो ध्यान केन्द्रित रहेको बताउँदै साझा सरोकारका विषयमा कार्यालयले संयुक्त राष्ट्रसंघका निकायहरुसँग सहकार्य गर्न आफू सकारात्मक रहेको बताउनुभयो ।

उक्त भेटमा आवासीय प्रतिनिधि श्री Ayshanie ले संयुक्त राष्ट्रसंघको कार्यप्रक्रिया तथा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमले सञ्चालन गरेका कार्यक्रमबारे जानकारी गराउनुभएको थियो । कार्यक्रममा उहाँले आगामी दिनमा संयुक्त राष्ट्र संघले सर्वोच्च लेखापरीक्षण संस्थासँग साझा सरोकारको क्षेत्र पहिचान गरी आपसी सहकार्य गर्ने नीति रहेको जानकारी गराउनु भयो । महालेखापरीक्षकको कार्यालयबाट दिगो विकास लक्ष्यको लेखापरीक्षण सम्बन्धमा भइरहेको तयारी र कार्यको उहाँले सराहना गर्नुभयो । उक्त भेटमा कार्यालयका उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका सहायक आवासीय प्रतिनिधि श्री यामनाथ शर्मा समेतको उपस्थिति रहेको थियो ।



माननीय महालेखापरीक्षकज्यूसँग संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका आवासीय प्रतिनिधि Ayshanie सहितका पदाधिकारीहरु ।

प्रदेश नं. १ को सार्वजनिक लेखा समितिसँग छलफल

१४ भाद्र, २०७६

महालेखापरीक्षकको कार्यालयको तर्फबाट प्रदेश नं १ का प्रदेश प्रमुख समक्ष पेश भएको आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन प्रदेश सभामा प्रस्तुत भएको छ । प्रदेश सभाको सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनउपर भएको छलफल कार्यक्रममा कार्यालयका नायब महालेखापरीक्षक श्री विन्दु विष्ट र निर्देशक (कानून) श्री उपेन्द्रकेशर खनालले सहभागिता जनाउनु भयो ।

त्यस क्रममा महालेखापरीक्षकबाट हुने लेखापरीक्षण, लेखापरीक्षण पद्धति, लेखापरीक्षण सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था, प्रतिवेदन प्रणाली, बेरुजू फछर्यौट लगायतका बिषयमा प्रदेश सभा सार्वजनिक लेखा समितिका माननीय सदस्यज्यूहरुलाई जानकारी गराइएको थियो । प्रदेश सार्वजनिक लेखा समितिका सभापति श्री शिव प्रसाद गनगाईको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा ११ जना प्रदेश सभा सदस्य एवं प्रदेश सचिवहरुको समेत उपस्थिति रहेको थियो ।

कार्यक्रममा उपस्थित प्रदेश सभा सदस्यहरुले बेरुजू आउनुको कारण खोजिनु पर्ने र खर्च भएको ठाउँको अनुगमन समेत गर्नु जरुरी रहेको बताउनु भयो । प्रदेश प्रमुख सचिव श्री सुरेश अधिकारीले लेखापरीक्षण कार्य आर्थिक प्रशासनको एक पाटो भएकोले यसबाट सरकारलाई जनउत्तरदायित्व बनाउन र सरकारका कार्यमा पारदर्शिता कायम गर्न मद्दत पुग्ने बताउनु भयो । लेखापरीक्षणबाट देखिएका बेरुजूलाई फछर्यौट गर्दै र भविष्यमा बेरुजू नआउने वातावरण सिर्जना गर्न समेत सम्बन्धित पदाधिकारीको ध्यानाकर्षण गराउनु भयो ।



छलफल कार्यक्रममा सहभागी पदाधिकारीहरु ।

श्रावण महिनाका कार्यालय गतिविधि

माननीय महालेखापरीक्षकज्यूबाट लेखापरीक्षण टोलीलाई निर्देशन

२९ श्रावण, २०७६

लेखापरीक्षण मानदण्ड, निर्देशिका, वार्षिक लेखापरीक्षण योजना, २०७६ मा उल्लेखित विषयका अतिरिक्त माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण डोर सञ्चालन र व्यवस्थापन सम्बन्धमा लेखापरीक्षण कार्यमा खटिने कर्मचारीलाई निम्नानुसार ४८ बुँदे निर्देशन दिनुभएको छ ।

(क) लेखापरीक्षण योजना तर्जुमा

१. स्वीकृत वार्षिक लेखापरीक्षण योजना अध्ययन गरी सोसँग तालमेल हुने गरी समष्टिगत र इकाइगत लेखापरीक्षण योजना निर्माण गर्ने । वार्षिक लेखापरीक्षण योजनामा उल्लेख गरिएका परीक्षण सूची (Audit Checklist) लाई इकाईगत योजनामा समावेश गरी अनिवार्य रुपमा कार्यान्वयन गर्ने ।

२. प्रदेश र स्थानीय तह अन्तर्गत बन्ने लेखापरीक्षण योजनालाई वास्तविक, यथार्थपरक र जोखिम केन्द्रित बनाउन तथा अन्तरप्रदेश र स्थानीय तहको योजनाबीच एकरुपता कायम गर्न उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक र निर्देशक तहले विशेष ध्यान दिने ।

३. योजना तर्जुमामा गरेको प्रयास र प्रयत्नलाई कार्यान्वयन चरणमा प्रभावकारी बनाई कार्य सम्पादन गर्ने । लेखापरीक्षण कार्यसँगै यसका विभिन्न चरणमा लेखापरीक्षण योजना र प्रारम्भिक प्रतिवेदनहरु समेतको समीक्षा गरी योजनामा परिमार्जन गर्ने ।

४. लेखापरीक्षण योजनामा उल्लेख नभएको तर लेखापरीक्षणका क्रममा जानकारीमा आएका जोखिमलाई लेखापरीक्षण योजनामा थप गरी लेखापरीक्षणको दायरामा ल्याउने । खासगरी प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुको कार्य नयाँ भएकाले स्थलगत रुपमा जोखिमको विश्लेषण गरी लेखापरीक्षण योजनामा समावेश गर्ने ।

५. जोखिमको आधारमा लेखापरीक्षण कार्यविधि (विस्तृत र नियन्त्रणको परीक्षण एवं विश्लेषणात्मक कार्यविधि) छनोट गर्दा वार्षिक योजनामा उल्लेखित निर्देशनालयगत र जिल्लागत संख्यासँग तालमेल मिलाउने ।

(ख) कार्य बाँडफाँड र कार्यतालिका

६. प्रथम चरण अन्तर्गत लेखापरीक्षण गर्न तोकिएका एकल तथा संयुक्त २७ जिल्ला अन्तर्गत दुई टोली खटिएका जिल्लाको कार्य बाँडफाँड गरी लेखापरीक्षण डोरहरु यथाशीघ्र सम्बन्धित जिल्लामा परिचालित हुने ।

७. महानिर्देशनालयहरुले लेखापरीक्षण डोरको तोकिए बमोजिम कार्य बाँडफाँड गरी माघ मसान्तभित्र लेखापरीक्षण सम्पन्न गर्ने गरी कार्यतालिका बनाउने ।

८. लेखापरीक्षण कार्यको बाँडफाँड, सोमा थपघट र संशोधन गर्नु परेमा सम्बन्धित नायव-महालेखापरीक्षक र उप-महालेखापरीक्षकहरुले भूमिका निर्वाह गर्ने ।

९. स्थानीय र प्रदेश लेखापरीक्षण निर्देशनालय अन्तर्गत तोकिएको समयमा कार्य सम्पन्न गर्न कठिनाई देखिएमा त्यस्ता निर्देशनालयको डोर सञ्चालन र व्यवस्थापन सम्बन्धमा सम्बन्धित उप-महालेखापरीक्षक र नायव-महालेखापरीक्षकले निरन्तर सूचना तथा जानकारीहरु उपलब्ध गराउने ।

(ग) लेखापरीक्षण डोर सञ्चालन र व्यवस्थापन

१०. लेखापरीक्षण टोलीले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालय लगायत सम्बद्ध निकाय तथा पदाधिकारीसँग आवश्यक समन्वय र सम्पर्कमा रही लेखापरीक्षण कार्य सञ्चालन गर्ने ।

११. लेखापरीक्षणका क्रममा सरोकारवालालाई सहभागी गराई २७ जिल्लाको सन्दर्भमा जिल्लास्तरीय छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने ।

१२. छलफल तथा अन्तर्क्रिया कार्यक्रमका मुख्य विषय र व्यहोराहरु समावेश गरी सोको संक्षिप्त प्रतिवेदन निरीक्षण तथा अनुगमन निर्देशनालयमा उपलब्ध गराउने ।

१३. जिल्लास्थित लेखापरीक्षण गरिने कार्यालयका कार्यालय प्रमुख र लेखा प्रमुखको नामावली सहित सञ्चार सम्पर्कको विवरण निरीक्षण तथा अनुगमन निर्देशनालयमा उपलब्ध गराउने ।

१४. तोकिएको समयावधिभित्र लेखापरीक्षण कार्य सम्पन्न गर्न सम्बन्धित टोली प्रमुखले आफु अन्तर्गतका कर्मचारीको उप-टोली गठन गरी कामको बाँडफाँड गर्ने ।

१५. लेखापरीक्षण र महालेखापरीक्षकको कार्यालयको पहुँच वृद्धि गर्न तथा सूचनाको सहज प्राप्तिका लागि सम्भव भएसम्म सम्बन्धित स्थानीय तहमा गई लेखापरीक्षण कार्य सम्पन्न गर्ने । सम्बन्धित स्थानीय तहमा गई लेखापरीक्षण गर्न नसकेको खण्डमा सोको व्यहोरा नायव-महालेखापरीक्षकलाई गराउने र यस सम्बन्धमा निजबाट प्राप्त निर्देशनको पालना गर्ने ।

१६. स्थानीय तह वा अन्य निकायमा आन्तरिक लेखापरीक्षण नभएको स्थितिमा अन्तिम लेखापरीक्षण गर्न बाधा नहुने तथा आन्तरिक लेखापरीक्षण नभएको व्यहोरा प्रतिवेदनमा समावेश गरी लेखापरीक्षण कार्य सम्पन्न गर्ने ।

१७. लेखापरीक्षणका क्रममा गम्भीर प्रकृतिका हानी-नोक्सानी तथा सार्वजनिक स्रोतको अपचलन सम्बन्धी व्यहोरा जानकारी हुन आएमा सम्बन्धित नायव-महालेखापरीक्षक मार्फत् उप-महालेखापरीक्षक र महालेखापरीक्षकलाई



प्रथम चरण अन्तर्गत लेखापरीक्षणमा खटिने टोली प्रमुखहरुलाई निर्देशन दिनुहुँदै माननीय महालेखापरीक्षकज्यू ।

तत्काल जानकारी गराउने ।

१८. साना निकायको हकमा सम्बन्धित निकायबाट प्रमाणित आर्थिक कारोबार घोषणा फाराम भरी विवरण प्राप्त गर्ने तथा प्राप्त फारम तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनका व्यहोरा विश्लेषण गरी उल्लेखनीय देखिएका व्यहोरा सम्बन्धित निकायलाई तोकिए बमोजिम प्रतिवेदन गर्ने ।

१९. प्राप्त घोषणा फारम र आन्तरिक लेखापरीक्षण प्रतिवेदनको विश्लेषण तथा प्राप्त सूचनाका आधारमा कुनै निकायको थप परीक्षण गर्नुपर्ने देखिएमा सोको व्यहोरा सम्बन्धित नायव-महालेखापरीक्षक मार्फत् उप-महालेखापरीक्षकलाई जानकारी गराई प्राप्त निर्देशन अनुसार लेखापरीक्षण प्रक्रिया अगाडि बढाउने ।

२०. प्राप्त सूचना तथा गत विगतको अनुभवका आधारमा बढी जोखिम देखिएका निकायलाई लेखापरीक्षणमा विशेष प्राथमिकता र ध्यान दिने । राष्ट्रिय महत्वका विषयहरु तथा दीर्घकालीन रुपमा असर पार्ने विषयमा लेखापरीक्षण कार्यलाई केन्द्रित गराउने ।

२१. लेखापरीक्षण प्रतिवेदन जारी गर्दा तेस्रो पक्षको नभई सम्बन्धित जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउने अर्थात् जुन पदाधिकारीको निर्णय वा कारणले अनियमितता, हानी- नोक्सानी भएको हो त्यस्तो पदाधिकारीको नाम नामेसी सहितको व्यहोरा प्रतिवेदनमा समावेश गर्ने ।

२२. कार्यमूलक, सूचना प्रविधि, परराष्ट्र लगायतका लेखापरीक्षण निर्देशनालयबाट प्राप्त फारम अनुसारको प्रमाणित विवरण सङ्कलन गरी सम्बन्धित निर्देशनालयमा पेश गर्ने ।

२३. प्रदेश कार्यालयले संघीय बजेट र संघीय कार्यालयले प्रदेशको बजेट खर्च गरेकोमा जुन कोषबाट खर्च भएको हो सोही अनुसार लेखापरीक्षण फाईल र प्रतिवेदन तयार गर्ने । कार्यालय संघीय वा प्रदेश मध्ये जुन सरकार अन्तर्गत हो सोही निकायको लेखापरीक्षण गर्न अख्तियारी पाएको टोलीले उक्त कार्यालयको सबै आम्दानी र खर्चको लेखापरीक्षण गर्ने ।

(घ) गुणस्तर नियन्त्रण तथा सुपरीवेक्षण

२४. लेखापरीक्षणलाई प्रभावकारी, विश्वसनीय र गुणस्तरीय बनाउन आवश्यकता अनुसार स्थलगत अवलोकन, भौतिक परीक्षण र अन्तर-निकाय समन्वय गर्ने ।

२५. एकै किसिमका निकायको लेखापरीक्षणमा एकरुपता कायम गर्न लेखापरीक्षण टोलीहरुबीच र सुपरीवेक्षक लगायत उच्च तहसँग समन्वय र सम्पर्कमा रही कार्य सम्पादन गर्ने ।

२६. लेखापरीक्षणका सन्दर्भमा प्राविधिक रुपले जटिल विषय आई परेमा सो सम्बन्धमा सम्बन्धित नायव-महालेखापरीक्षकसँग समन्वय गरी प्राप्त निर्देशनानुसार लेखापरीक्षण सम्पन्न गर्ने ।

२७. प्रतिवेदनको मस्यौदाउपर सम्बन्धित निकाय र जिम्मेवार पदाधिकारीसँग छलफल गरी मुख्य विषयका प्राप्त प्रतिक्रियाहरु प्रतिवेदनमा समावेश गर्ने ।

२८. लेखापरीक्षणका विभिन्न औजार (व्यवस्थापकीय, प्राविधिक तथा व्यवहारगत) र विधिहरुको प्रयोग गरी लेखापरीक्षणको गुणस्तर र प्रभाव वृद्धि गर्न सघाउ पुऱ्याउने ।

२९. लेखापरीक्षण टोली प्रमुखले आफ्नो टोलीबाट सम्पादित क्रियाकलापबारे सम्बन्धित नायव-महालेखापरीक्षक, उप-महालेखापरीक्षक र माननीय महालेखापरीक्षकलाई हप्तामा कम्तिमा दुई पटक जानकारी गराउने ।

३०. लेखापरीक्षण टोली प्रमुखले आफ्नो टोलीबाट सम्पादित कार्य र सोको प्रगति विवरण तोकिए बमोजिमको फारममा साप्ताहिक रुपमा निरीक्षण तथा अनुगमन निर्देशनालयमा उपलब्ध गराउने ।

३१. लेखापरीक्षण टोलीको कार्य सम्पादन अवस्था तथा प्रगति विवरण सम्बन्धमा नायव-महालेखापरीक्षक, उप-महालेखापरीक्षक र निरीक्षण तथा अनुगमन निर्देशनालयले साप्ताहिक रुपमा महालेखापरीक्षकसमक्ष पेश गर्ने ।

३२. लेखापरीक्षण सम्पन्न भएपश्चात् प्रारम्भिक प्रतिवेदन जारी गर्नुपूर्व प्रतिवेदनको गुणस्तर परीक्षणका लागि सम्बन्धित नायव-महालेखापरीक्षक र तोकिएका निकायको हकमा गुणस्तर आश्वस्तता निर्देशनालयमा पठाउने ।

३३. आफू अर्न्तगतको समग्र लेखापरीक्षण कार्य (लेखापरीक्षण योजना, योजनाको कार्यान्वयन, प्रतिवेदन तथा त्यसको गुणस्तर) का लागि सम्बन्धित नायव-महालेखापरीक्षक र उप-महालेखापरीक्षक जिम्मेवार र जवाफदेही रहने ।

३४. कुनै विषयमा सैद्धान्तिक र लगती बेरुजू कायम गर्ने वा बेरुजू औंल्याउने वा नऔंल्याउने विषयमा एकरुपता कायम गर्न टोली-टोली र आवश्यकता अनुसार सुपरीवेक्षकबीच समेत समन्वय र छलफल गर्ने ।

३५. लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले विशिष्टीकृत डोर खटाउने व्यवस्था गरिएकाले सोको प्रभाव लेखापरीक्षण प्रतिवेदनमा देखिने गरी प्रत्येक कर्मचारीले तोकिए बमोजिम कार्य सम्पादन गर्ने ।

(ङ) पेशागत मर्यादा र व्यवहार

३६. लेखापरीक्षणमा खटिने कर्मचारीले पेशागत मर्यादा र कार्यालयबाट तोकिएको आचारसंहिताको पालनालाई विशेष ध्यान दिने ।

३७. लेखापरीक्षण गरिने निकायका पदाधिकारीसँग मर्यादित व्यवहार र औपचारिक सम्बन्ध कायम गरी तोकिए बमोजिम कार्यसम्पादन गर्ने ।

३८. लेखापरीक्षणका लागि खटिएका कर्मचारीको, कार्य सम्पादन, पेशागत मर्यादा र उचित व्यवहारको पालनासम्बन्धमा निरीक्षण तथा अनुगमन निर्देशनालयले कार्यतालिका बनाई सो अनुसार अनुगमनको व्यवस्था मिलाउने ।

३९. पेशागत मर्यादा र आचरणविपरीत कार्य गरेको पाइएमा तथा जिम्मेवारीपूर्वक कार्य सम्पादन नगरेको कारणले हुन

सक्ने त्रुटिप्रति सम्बन्धित कर्मचारी जिम्मेवार र जवाफदेही हुने ।

४०. तोकिए बमोजिम कार्य सम्पादन नगर्ने तथा पेशागत मर्यादामा रही कार्य सम्पादन नगर्ने कर्मचारीलाई जुनसुकै बखत स्थलगत लेखापरीक्षणको कार्यबाट फिर्ता बोलाई निजउपर आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइने ।

(च) लेखापरीक्षण प्रतिवेदन

४१. प्रत्येक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहको वार्षिक लेखापरीक्षण प्रतिवेदन तयार गर्दा सम्बन्धित विभाग, महानिर्देशनालय र निर्देशनालयमा लेखिएका व्यहोरा उपर छलफल गरी सोको मन्त्रालयगत, प्रदेशगत र स्थानीय तहगत प्रतिवेदन तयार गरी सम्बन्धित नायव-महालेखापरीक्षक र उप-महालेखापरीक्षकले फाल्गुन मसान्तभित्र महालेखापरीक्षकसमक्ष पेश गर्ने ।

४२. महालेखापरीक्षकसमक्ष पेश गरेका प्रतिवेदनका व्यहोराका सम्बन्धमा सम्बन्धित नायव-महालेखापरीक्षक र उप-महालेखापरीक्षकले पूर्ण जिम्मेवारी लिनुपर्ने ।

४३. सात वटै प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन तयार गर्दा एकरुपता, विश्वसनीयता र त्यसको गुणस्तरका पक्षमा विशेष ध्यान दिने ।

(छ) कार्यसम्पादन मूल्याङ्कन

४४. कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई नतिजामूलक र यथार्थ बनाउन लेखापरीक्षण योजना निर्माण, कार्यान्वयन, लेखापरीक्षणको गुणस्तर र प्रतिवेदन तयारीमा पुऱ्याएको योगदानको आधार लिइने ।

४५. आफु अन्तर्गतका कर्मचारीबाट सम्पादित कार्य, त्यसको प्रतिवेदन, आचरण र व्यवहारको पालना तथा कर्मचारीको वास्तविक कार्य सम्पादन मूल्याङ्कनका सम्बन्धमा सम्बन्धित नायव-महालेखापरीक्षक र उप-महालेखापरीक्षक जिम्मेवार रहने ।

(ज) विविध

४६. स्वीकृत वार्षिक लेखापरीक्षण योजनालाई मार्गदर्शनको रुपमा लिई संविधान तथा प्रचलित कानूनले तोके बमोजिमको उद्देश्य हासिल गर्न सम्पूर्ण लेखापरीक्षण टोली तथा कर्मचारीहरु परिचालित हुने ।

४७. वार्षिक, समष्टिगत र इकाईगत लेखापरीक्षण योजनामा उल्लेख नभएका तथा अन्य विशेष खालको परिस्थिति सिर्जना भएमा सोको समाधानका लागि सम्बन्धित नायव-महालेखापरीक्षक मार्फत् व्यहोरा जानकारी गराउने ।

४८. स्वीकृत वार्षिक लेखापरीक्षण योजना तथा महालेखापरीक्षकबाट जारी भएका निर्देशन कार्यान्वयन सम्बन्धमा उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक र निरीक्षण तथा अनुगमन निर्देशनालयले अनुगमन गरी सोको प्रतिवेदन पेश गर्ने ।

सार्वजनिक संस्थानका पदाधिकारीसँग छलफल



सार्वजनिक संस्थानका पदाधिकारीसँगको छलफल कार्यक्रममा माननीय महालेखापरीक्षकज्यू र सहभागीहरु ।

२८ श्रावण, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा नेपाल सरकारको पूर्ण स्वामित्व भएका सार्वजनिक संस्थानका प्रमुख, आर्थिक प्रशासन शाखा प्रमुख, ती संस्थाको लेखापरीक्षणको लागि नियुक्त लेखापरीक्षक र महालेखापरीक्षकको कार्यालयका पदाधिकारीहरुबीच आर्थिक

वर्ष २०७५/०७६ को लेखापरीक्षण सञ्चालन र व्यवस्थापन सम्बन्धमा महालेखापरीक्षकको कार्यालय, बबरमहलमा छलफल भयो ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले महालेखापरीक्षकको कार्यालयबाट आगामी दिनमा हुने लेखापरीक्षण संविधानले तोके बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत विचार गरी लेखापरीक्षण ऐन, २०७५ ले निर्दिष्ट गरेको ३१ वटा विषयको परीक्षणमा केन्द्रित रहने बताउनुभयो । सो क्रममा उहाँले लेखापरीक्षणमा मूलतः चार पक्षहरु Financial, Compliance, Policy र Performance लाई मुख्यरुपमा ध्यान दिइने बताउनुभयो । लेखापरीक्षणबाट उठाईएका कैफियतहरुलाई सम्बन्धित निकाय र पदाधिकारीहरुले समयमै सम्बोधन गर्नेतर्फ ध्यानाकर्षण गराउनुभयो । उहाँले लेखापरीक्षणको क्रममा आर्थिक कारोबारका साथै श्रोत र साधनको परिचालन, त्यसबाट प्राप्त उपलब्धि, आन्तरिक नियन्त्रण प्रणाली, सार्वजनिक खरिद विधिको पालना र सेवाप्रवाह जस्ता पक्षको मूल्याङ्कन गरी वित्तीय अनुशासन र जवाफदेहिता कायम गराउन लेखापरीक्षणको महत्वपूर्ण भूमिका हुने हुँदा लेखापरीक्षक आचारसंहिताको पूर्णरुपमा परिपालना गर्न कार्यालयबाट लेखापरीक्षणमा खटिने सम्बन्धित लेखापरीक्षकहरुलाई समेत निर्देशन दिनुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गर्भनर डा. चिरन्जीवी नेपालले नेपाल राष्ट्र बैंकको विगत दुई वर्षदेखि समयमा नै वित्तीय विवरण तयार गरी लेखापरीक्षणको कार्य निर्धारित समयमा नै सम्पन्न भइरहेको जानकारी दिनुहुँदै महालेखापरीक्षकको वार्षिक कार्यतालिकाको पालनामा बैंकका तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा उप-महालेखापरीक्षक श्री बाबुराम गौतमले वित्तीय विवरण समयमा नै उपलब्ध गराउने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको र संस्थानको अन्तिम लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्त गरिसकिएको हुँदा कार्यतालिका बमोजिम समयमा नै लेखापरीक्षण सम्पन्न गर्न गराउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

नवनियुक्त कर्मचारीका लागि अभिमुखीकरण तालिम सञ्चालन



अभिमुखीकरण कार्यक्रममा सहभागी नवनियुक्त कर्मचारीहरु ।

१७ श्रावण, २०७६

खुला प्रतिस्पर्धाबाट महालेखापरीक्षकको कार्यालयमा नयाँ नियुक्ति भई आउनुभएका ३५ जना राजपत्राङ्कित तृतीय श्रेणीका लेखापरीक्षण अधिकारी र ४५ जना राजपत्र अनङ्कित प्रथम श्रेणीका लेखापरीक्षण अधीक्षकको लागि छुट्टाछुट्टै अभिमुखिकरण तालिम सञ्चालन भएको थियो । लेखापरीक्षणका विविध पक्षहरुमा सहभागीहरुको सैद्धान्तिक र व्यवहारिक ज्ञानको अभिवृद्धि गर्न अभिमुखीकरण तालिम सञ्चालन गरिएको हो ।

लेखापरीक्षण अधिकारीहरुका लागि सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रमा २०७६ आषाढ २३ देखि आश्विन १८ सम्म ९० कार्यदिनको तालिम सञ्चालन भएको थियो । त्यसैगरी लेखापरीक्षण अधीक्षकहरुका लागि २०७६ श्रावण ७ देखि १७ गतेसम्म १० कार्यदिनको तालिम कार्यालयको सभाकक्षमा सम्पन्न भएको थियो ।

तालिममा महालेखापरीक्षकको कार्यालयको संवैधानिक जिम्मेवारी, कर्तव्य र अधिकार, लेखापरीक्षण प्रक्रिया, वेरुजू, सम्परीक्षण, प्रतिवेदन प्रणाली लगायत सार्वजनिक आर्थिक प्रशासनका विविध पक्षमा प्रशिक्षण दिइएको थियो । कर्मचारीको क्षमता अभिवृद्धि गर्न कार्यालयले आवश्यक तालिम कार्यक्रम नियमित रुपमा सञ्चालन गर्दै आइरहेको छ ।

महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७६ स्वीकृत

१ श्रावण, २०७६

संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य कार्यालय तथा संस्थाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षणका लागि माननीय महालेखापरीक्षकज्यूबाट स्वीकृत लेखापरीक्षण योजना २०७६ श्रावण १ गते देखि कार्यान्वयनमा आएको छ । उक्त योजना अनुसार संघ, प्रदेश र स्थानीय तह तथा सो अन्तर्गतका निकायको लेखापरीक्षण गर्न विशिष्टीकरण हुने गरी २०७६ श्रावण चौँथो हप्ताबाट शुरु गरी २०७६ माघ मसान्त सम्ममा सम्पन्न गरिनेछ ।

उक्त योजना अनुसार आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सञ्चालन एवं व्यवस्थापन सम्बन्धमा गरिएका केही प्रमुख व्यवस्थाहरु देहाय बमोजिम छन् ।

१ कार्यमूलक, सूचना प्रविधि र वातावरणीय लेखापरीक्षण

सार्वजनिक स्रोत साधनको व्यवस्थापन तथा उपयोगमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता पक्षको मूल्याङ्कन गर्ने तथा सार्वजनिक निकायमा सञ्चालनमा रहेको सूचना प्रविधि प्रणालीको सञ्चालन र उपयोग व्यवस्थाको परीक्षणका साथै वातावरणीय पक्षको मूल्याङ्कन गर्ने सन्दर्भमा यस वर्ष देहायका विषयको कार्यमूलक, सूचना प्रविधि र वातावरणीय लेखापरीक्षण हुन गइरहेको छ ।

(क) कार्यमूलक लेखापरीक्षण निर्देशनालयबाट लेखापरीक्षण गरिने विषयहरु :

क्र.सं.	विषय	मन्त्रालय	क्षेत्र
१	सार्वजनिक संस्थान व्यवस्थापन तथा निजीकरण	अर्थ मन्त्रालय	अर्थ मन्त्रालय (संस्थान समन्वय महाशाखा), सार्वजनिक संस्थानहरु
२	सरकारी तथा सार्वजनिक जग्गाको उपयोग तथा संरक्षण	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भूमि व्यवस्थापन विभाग, नापी विभाग, मालपोत तथा नापी कार्यालयहरु
३	स्वास्थ्य सेवाको नियमन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, अस्पताल विकास समितिहरु
४	खेलकुद पूर्वाधारको अवस्था	युवा तथा खेलकुद मन्त्रालय	युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् , जिल्ला खेलकुद विकास समितिहरु
५	आयोजना व्यवस्थापन	खानेपानी, ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकास मन्त्रालय	सम्बन्धित मन्त्रालयबाट सञ्चालन भएका आयोजनाहरु, अधुरा आयोजना तथा निर्माण कार्यहरु
६	स्थानीय तह सञ्चालन तथा व्यवस्थापन	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	काठमाडौँ उपत्यकाभित्रका १० नगरपालिकाहरु
७	शैक्षिक संस्थाहरुको नियमन	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा विभाग, शिक्षा विकास तथा समन्वय एकाई
८	सामाजिक सुरक्षा कार्यक्रमको अवस्था	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक सुरक्षा कोष, स्थानीय तहहरु
९	सरकारी अनुदानमा निर्माण भएका निजी आवासको उपयोग	शहरी विकास मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण	शहरी विकास मन्त्रालय, जनता आवास कार्यक्रम, राष्ट्रिय आवास कम्पनी लिमिटेड, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) अन्तर्गतका जिल्लास्तरीय आयोजना कार्यान्वयन इकाईहरु
१०	विद्युत प्रसारण तथा लाईन निर्माण र सञ्चालन	ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण

(ख) अन्य निर्देशनालयबाट कार्यमूलक लेखापरीक्षण गरिने विषयहरु :

क्र.सं.	निर्देशनालय	विषय
१	शहरी विकास	सरकारी भवनको प्रयोग स्थिति मूल्याङ्कन
२	संवैधानिक निकाय	नेपाल ट्रष्टको सम्पत्ति अभिलेख तथा व्यवस्थापन

क्र.सं.	निर्देशनालय	विषय
३	अर्थ र भन्सार	सरकारको वर्षान्तको खर्च र उपलब्धि
४	आन्तरिक राजस्व	कर निर्धारण र असुलीको प्रवृत्ति
५	सिँचाइ र ऊर्जा	जनताको तटबन्ध कार्यक्रमको प्रभावकारिता
६	खानेपानी	खानेपानी आयोजनाहरुको कार्यान्वयन स्थिति मूल्याङ्कन
७	भौतिक पूर्वाधार तथा यातायात व्यवस्था	उपत्यकाभित्र सडकको अवस्था र मर्मत सम्भार
८	सूचना तथा सञ्चार र शान्ति	हुलाक सेवाको प्रभावकारिता विश्लेषण
९	भूमि व्यवस्था, सहकारी र गरिबी निवारण	सहकारी संस्थाको अनुगमन र नियन्त्रण प्रभावकारिता मूल्याङ्कन
१०	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	पर्वतारोहण व्यवस्थापन अवस्थाको मूल्याङ्कन
११	गृह	नेपाल प्रहरी अस्पतालको सेवा प्रवाह स्थिति
१२	शिक्षा तथा विज्ञान प्रविधि	विद्यालयस्तरीय पाठ्यक्रमको विकास, परिमार्जन, छपाई र वितरण अवस्थाको मूल्याङ्कन
१३	स्वास्थ्य तथा जनसंख्या	केन्द्रीयस्तरका अस्पतालको मेसिनरी उपकरणको अवस्था
१४	सार्वजनिक संस्थान	नेपाल नागरिक उड्डयन प्राधिकरण, त्रिभुवन विमानस्थल कार्यालयको कार्यसम्पादन
१५	कृषि	विषादी नियन्त्रणको व्यवस्थापन
१६	उद्योग, वाणिज्य तथा आपूर्ति	विशेष आर्थिक क्षेत्रको व्यवस्थापन तथा सञ्चालन

(ग) सूचना प्रविधि लेखापरीक्षणका लागि छनौट भएका विषयहरु :

क्र.सं.	विषय	मन्त्रालय	क्षेत्र
१	आन्तरिक राजस्व सङ्कलनमा सूचना प्रविधिको प्रयोग	अर्थ मन्त्रालय	Integrated Tax System
२	कम्पनी रजिष्ट्रेशन तथा व्यवस्थापनमा सूचना प्रविधि	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	Online Company Registation & Business License Portol
३	यातायात व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग	भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालय	Vehicle Registration System

(घ) वातावरणीय लेखापरीक्षणका लागि छनौट भएका विषयहरु :

क्र.सं.	विषय	मन्त्रालय	क्षेत्र
१	काठमाडौँ उपत्यकाको पर्यावरणीय अवस्था मूल्याङ्कन	विभिन्न मन्त्रालय	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, काठमाडौँ उपत्यकाका स्थानीय तहहरु
२	बाग्मती सफाई र सौन्दर्यकरण	सहरी विकास मन्त्रालय	अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति

२. संगठित संस्थाको लेखापरीक्षण

यस वर्ष देहाय बमोजिमका संगठित संस्था, बोर्ड, प्राधिकरणको लेखापरीक्षण कार्यालयको जनशक्तिबाट हुने र अन्य संगठित संस्थाको लेखापरीक्षण गर्न पेशागत प्रमाणपत्र प्राप्त लेखापरीक्षक नियुक्त गरी लेखापरीक्षण गरिने योजना रहेको छ ।

क्र.सं.	निकाय	लेखापरीक्षण गर्ने निर्देशनालय
१	नेपाल वायुसेवा निगम	सार्वजनिक संस्थान
२	नेपाल नागरिक उड्डयन प्राधिकरण	सार्वजनिक संस्थान
३	नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	सार्वजनिक संस्थान
४	नेपाल विद्युत प्राधिकरणको ठेक्का व्यवस्थापन (रु.१५ करोडभन्दा माथि)	सार्वजनिक संस्थान
५	नेपाल टेलिभिजनको ठेक्का व्यवस्थापन (रु.१० लाखभन्दा माथि)	सार्वजनिक संस्थान
६	धितोपत्र बोर्ड	अर्थ तथा भन्सार
७	नेपाल दूरसञ्चार प्राधिकरण	सूचना तथा सञ्चार
८	नेपाल पर्यटन बोर्ड	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

सर्वोच्च लेखापरीक्षण संस्थाहरूको .....



महासभाको उद्घाटन गर्नुहुँदै रुसका राष्ट्रपति श्री भ्लादिमिर पुटिन ।

महासभामा INTOSAI ले सन् २०१६ मा अबुधाबी घोषणापत्र अनुसार जारी गरेको क्रियाकलाप, सन् २०१६ देखि २०१९ को अवधिमा सञ्चालन गरेका विभिन्न कार्यक्रमहरु, यस मातहत रहेका विभिन्न समितिको प्रतिवेदन, विभिन्न क्षेत्रीय संगठनहरु लगायत विभिन्न कार्यसमूहहरुले सम्पादन गरेको क्रियाकलापहरुमा छलफल गरी सदस्य राष्ट्रहरुको बहुमतद्वारा प्रतिवेदनहरु पारित भएका थिए । महासभामा सार्वजनिक लेखापरीक्षणको क्षेत्रमा देखिएका चुनौतीहरु सम्बोधन गर्न "Information Technology For the Development of Public Administration" र "The Role of the Supreme Audit Institution in the Achievement of the National Priorities and Goals" विषयक २ वटा Theme Paper प्रस्तुत भएका थिए । जसमा सर्वोच्च लेखापरीक्षण संस्थाले सूचना प्रविधि, big data analytics, artificial intelligence जस्ता नवीनतम विधिहरुको प्रयोगबाट लेखापरीक्षणलाई दक्षतापूर्ण, प्रभावकारी र गुणस्तरीय बनाउनु पर्ने विषयहरु समावेश भएका थिए । त्यसैगरी महासभामा सर्वोच्च लेखापरीक्षण संस्थाले Big data को प्रयोग सम्बन्धमा दीर्घकालीन, मध्यकालीन र अल्पकालीन योजना तयार गर्नुपर्ने, पेशागत मानदण्डको सुदृढीकरण गर्ने र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्नुपर्ने विषयमा जोड दिइएको थियो । त्यसैगरी राष्ट्रिय उद्देश्य र दिगो विकास लक्ष्यसँग सम्बन्धित एजेण्डाहरु सम्बोधन भएको जानकारी हुने गरी लेखापरीक्षणका विधि र प्रकृया निर्धारण गर्नेतर्फ विचार गर्नुपर्ने कुरामा समेत जोड दिइएको थियो ।

महासभामा छलफल भएका विषयहरु समावेश गरी मस्को घोषणापत्र जारी गरिएको छ । सो घोषणापत्र उपर माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालले आफ्नो धारणा राख्दै उक्त घोषणापत्रको सफल कार्यान्वयनका लागि शुभकामना दिनुभएको थियो ।

नेपाल र पाकिस्तानको सर्वोच्च लेखापरीक्षण संस्थाबीच समझदारीपत्रमा हस्ताक्षर

लेखापरीक्षणका असल अभ्यासहरुको आदान-प्रदान तथा आपसी हितका लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको २३ औँ महासभाको अवसरमा रसियाको राजधानी मस्कोमा २७ सेप्टेम्बर, २०१९ का दिन नेपालका तर्फबाट माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र पाकिस्तानको तर्फबाट मित्रराष्ट्र पाकिस्तानका महालेखापरीक्षक श्री .जाभेद जेहान्गिरले एक समझदारी पत्र (MoU) मा हस्ताक्षर गर्नुभएको छ ।

उक्त समझदारी पत्रमा लेखापरीक्षणको गुणस्तर वृद्धि, अनुभव आदान-प्रदान, तालिम तथा क्षमता विकास लगायतका विषयहरु समावेश गरिएको छ ।

यस सम्झौताको कार्यान्वयनबाट दुवै मुलुकमा वित्तीय अनुशासन कायम गर्न सहयोग पुग्ने, सर्वोच्च लेखापरीक्षण सस्थाहरुको क्षमता अभिवृद्धि हुने तथा दुई मुलुक बीचको सम्बन्ध विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।



समझदारी पत्रमा हस्ताक्षर पश्चात् माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र पाकिस्तानका महालेखापरीक्षक श्री .जाभेद जेहान्गिर सहितका पदाधिकारीहरु ।

माननीय महालेखापरीक्षकज्यूको .....

हुन गईरहेको छ। पूर्वाधार निर्माण, अर्थ/राजस्व, प्रदेश तथा स्थानीय तह र सामाजिक सेवा तथा साधारण प्रशासन गरी विषयगत लेखापरीक्षण टोलीहरु खटाईएको छ।

लेखापरीक्षण टोलीबाट नेपालको संविधानमा प्रावधान भएअनुसार नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत विचार गरी बिषयहरु विश्लेषण हुनेछन् भने लेखापरीक्षण ऐन, २०७५ ले निर्दिष्ट गरेका कुराहरु परीक्षण गरीनेछ। जसमा वित्तीय, परिपालना, कार्यमूलक र नीतिगत आधारमा समेत कारोबार र सोबाट भएको उपलब्धी लाई मापन गरिनेछ। यस वर्ष जोखिमको आधारमा लेखापरीक्षण गर्ने पद्धति अपनाईएको छ। जसमा उच्च, मध्यम र न्यून जोखिमको आधारमा कार्यालय, आयोजना निकायहरुलाई वर्गीकरण गरिएको छ। उच्च जोखिम भएका निकायहरुमा विस्तृत परीक्षण र न्यून जोखिम भएका निकायहरुमा सरसर्ती परीक्षण गरिनेछ। सानातिना त्रुटि, कमजोरी र कागजात तथा प्रक्रिया नपुगेका विषयहरु लेखापरीक्षणकै अवधिमा नियमित गर्न सम्बन्धित निकायहरुलाई जानकारी गराई सहभागितामूलक पद्धतिबाट लेखापरीक्षण गर्न निर्देशन दिइएको छ।

कार्यस्थलमा निकायहरुले उपलब्ध गराउनै नसकेका प्रमाण कागजात र जानाजान गम्भीर प्रकृयागत र कानुनी त्रुटि भएका विषयहरु मात्र नियमित गर्ने बेरुजूको रुपमा टिपोट गरिनेछ। असुल गर्ने यकिन भएका रकम समेत तत्कालै असुल उपर गर्न मौका दिईनेछ। सरजमिनमै असुलीको प्रमाण पेश भएमा बेरुजू कायम नगर्ने नीति लिइएको छ। यसमा सार्वजनिक निकायहरुले जिम्मेवारी बोध गरी लेखापरीक्षणको अवधिमा सहभागिता जनाई र सहकार्य गरेमा निश्चित रुपमा बेरुजू कम गर्न सकिन्छ। त्यसैगरी बेरुजूको प्रारम्भिक प्रतिवेदन उपरको जवाफ वा प्रतिक्रियाको लागि कानुन बमोजिम ३५ दिनको समायावधि दिईन्छ सो अवधिमा प्रतिक्रियाबाट हटाई बाँकी बेरुजू मात्र अन्तिम प्रतिवेदनमा समावेश गरिने छ।

स्थानीय तह तथा प्रदेश सरकार अर्न्तगत कार्यालयहरु नयाँ स्थापना भएकोले ती निकायहरुमा केही जटिलता आउन सक्दछ। स्थानीय तहका राजनैतिक नेतृत्व तथा प्रशासकीय पदाधिकारीहरुले चासो राख्नुपर्दछ। गत वर्ष जिल्लामा टोली गएको बेला केही स्थानीय तहको परीक्षण हुन नसकेपछि केन्द्रमा श्रेस्ता ल्याउनु पर्ने अवस्था आयो। तसर्थ यस पटक लेखापरीक्षण टोलीले पहल गरी जिल्लामै परीक्षण गर्ने र स्थानीय तहले समेत चासो देखाई परीक्षण गराउने व्यवस्था मिलाउनु पर्दछ।

संघ, प्रदेश र स्थानीय तहमा जति कारोबार हुन्छ, त्यो भन्दा धेरै बढी सार्वजनिक संस्थानहरुमा कारोवार हुने गरेको छ। सार्वजनिक संस्थानहरुको समेत समयमै लेखापरीक्षण सम्पन्न गर्ने योजनाअनुसार लेखापरीक्षक खटाईएको छ। संस्थान प्रमुख र लेखापरीक्षकहरुबीच छलफल समेत भईसकेको छ। सार्वजनिक संस्थानहरुको काम कारवाहीको समेत विस्तृत विवरण वार्षिक प्रतिवेदनमा समावेश गर्ने योजना रहेको छ। महालेखापरीक्षकको आगामी वार्षिक प्रतिवेदनमा मन्त्रालयगत विवरण अन्तर्गत मन्त्रालय र सो अर्न्तगतका सबै सार्वजनिक संस्थानहरु र निकायहरुको वित्तीय विवरण परिपालना र कार्यसम्पादनको अवस्था तथा नीतिगत विवरणहरु समेत समावेश गरिनेछ। यसबाट सार्वजनिक संस्थानहरुलाई समेत बढी भन्दा बढी जिम्मेवार र जवाफदेही बनाउन मद्दत मिल्नेछ।

विगतमा जस्तै महालेखापरीक्षकको कार्यालयले २०७६ चैत्र मसान्तभित्र सम्माननीय राष्ट्रपतिज्यू समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने कार्यतालिका रहेको छ। सोको लागि संघ, प्रदेश र स्थानीय तह लगायत सबै सार्वजनिक संस्थानहरुको लेखापरीक्षण २०७६ माघ मसान्तभित्र सम्पन्न गरी सक्नुपर्नेछ। तसर्थ महालेखापरीक्षकको कार्यालयबाट खटिएका लेखापरीक्षकहरु र सार्वजनिक संस्थानहरुमा सहायकको रुपमा नियुक्ति गरी वा परामर्शमा नियुक्त भएका लेखापरीक्षकहरुले समेत सो कार्यतालिकाभित्र लेखापरीक्षण सम्पन्न गर्न आग्रह गर्दछु।

त्यसै गरी सबै सरकारी निकाय र सार्वजनिक संस्थानहरुलाई उक्त अवधिभित्र लेखाको श्रेस्ता एवं आवश्यक विवरणहरु लेखापरीक्षक समक्ष पेश गरी लेखापरीक्षण सम्पन्न गराउन तथा विगतको बेरुजू सम्परीक्षण गराउन समेत आह्वान गर्दछु। जिल्ला-जिल्लामा लेखापरीक्षण टोली खटिसकेका अवस्थामा विकास निर्माण, सेवाप्रवाह र सार्वजनिक खर्च तथा राजस्वका क्षेत्रमा देखिएका अनियमितता तथा सरकारी हानी- नोक्सानीको जानकारी गराउन र सो सम्बन्धी सूचना उपलब्ध गराई सहयोग गर्न नागरिक समाज, आमसंचार जगत, सर्वसाधारण नागरिकहरुमा समेतलाई हार्दिक आह्वान गर्दछु। महालेखापरीक्षक राज्यको श्रोत साधन र सम्पत्तिको दुरुपयोग, अनियमितता तथा हानि-नोक्सानी रोकी आर्थिक अनुशासन कायम गराउन प्रयत्नशील छ। यसमा सबै क्षेत्रको सहयोगको अपेक्षा गरिएको छ।

अन्तर्राष्ट्रिय गतिविधि

फिलिपिन्समा आयोजित अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान कार्यक्रममा सहभागिता

एसियाली विकास बैंकको आयोजनामा ९-१० अक्टुबर, २०१९ मा फिलिपिन्सको मनिलामा सञ्चालित "2019, International Public Sector Accounting Standard Board (IPSASB) Roundtable and Capacity Building Forum " विषयक कार्यक्रममा कार्यालयका तर्फबाट नायब-महालेखापरीक्षक श्री विवेकानन्द घिमिरे सहभागी हुनुभयो ।

IPSASB को रणनीति र कार्ययोजना २०१९-२०२३ र यस सम्बन्धी भईरहेका कार्यहरु, प्रगति लगायतका विषयमा छलफल भएको उक्त कार्यक्रममा IPSASB Standard Setting Process for Enhance Public Sector Accounting Capacity को सन्दर्भमा Study-14 (Transition to the Accural Basis of Accounting), Standard on Natural Resources, Revenue from Binding Arrangements (ED 71) लगायतका विषयमा समेत अन्तर्क्रिया भएको थियो ।

सार्वजनिक क्षेत्रको लेखामान सम्बन्धी विविध पक्षमा सहभागी राष्ट्रका प्रतिनिधिहरुले प्रस्तुतिकरण गरेका थिए । कार्यक्रममा IPSASB, यसको कार्यन्वयन स्थिति, अन्य सदस्य राष्ट्रमा यसको प्रयोग र भावी कार्यक्रम सम्बन्धमा अनुभव आदानप्रदान गरिएको थियो ।



कार्यक्रममा सहभागिता जनाउँदै नायब-महालेखापरीक्षक श्री विवेकानन्द घिमिरे ।

थाइल्याण्डमा भ्रष्टाचारविरुद्ध सर्वोच्च लेखापरीक्षण संस्थाको आचारसंहिता पुनरावलोकन सम्बन्धी बैठकमा सहभागिता

INTOSAI Development Initiative (IDI) द्वारा थाइल्याण्डको बैङ्ककमा ३० सेप्टेम्बरदेखि ४ अक्टोबर, २०१९ मा आयोजित "SAI Fighting corruption, code of ethics-ISSAI 30" विषयक पुनरावलोकन बैठकमा कार्यालयका निर्देशक श्री नारायाण एम.सी. र श्री घनश्याम काफ्ले तथा लेखापरीक्षण अधिकारी श्री सिर्जना रिमाल सहभागी हुनुभयो । उक्त सम्मेलनमा नेपाल सहित विभिन्न १२ वटा देशका सर्वोच्च लेखापरीक्षण संस्थाका २५ जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रमको उद्घाटन समारोहमा थाइल्याण्डका महालेखापरीक्षक Mr. Prajuck Boonyoung ले स्वागत मन्तव्य राख्दै लेखापरीक्षणको माध्यमबाट भ्रष्टाचार न्यूनीकरण गरी वित्तीय जवाफदेहिता कायम गर्न सम्पूर्ण सर्वोच्च लेखापरीक्षण संस्थाहरुको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

सो क्रममा सर्वोच्च लेखापरीक्षण संस्थाले अवलम्वन गर्नुपर्ने मूल्य मान्यताहरु : निष्ठा, स्वतन्त्रता, व्यवसायिकता, पारदर्शिता, जवाफदेहिता लगायतका विषयमा छलफल भएको थियो । कार्यक्रममा INTOSAI को सहकार्यमा सञ्चालित e-Learning program का सहभागीहरुले पेशागत आचारसंहिता पालना सम्बन्धमा आ-आफ्ना संस्थाको तर्फबाट हालसम्म भएका नीतिगत, संरचनागत तथा व्यवहारिक प्रयास सम्बन्धमा अनुभव आदान-प्रदान गरेका थिए भने e-learning program को ढाँचा अनुरुप तयार गरिएको Assesment Action Plan एवं Assesment Report प्रस्तुत गरी सहभागी राष्ट्रले आगामी दिनमा गर्नुपर्ने सुधार सम्बन्धमा समेत चर्चा गरिएको थियो ।

उक्त कार्यशाला गोष्ठीमा ISSAI 30 अन्तर्गत रही

प्रत्येक सर्वोच्च लेखापरीक्षण संस्था आचारसंहिता दस्तावेजहरुको अवस्था, दस्तावेजमा कर्मचारी र पदाधिकारीहरुलाई जिम्मेवार एवं जवाफदेही बनाउन आवश्यक संरचनागत, नीतिगत तथा संस्थागत व्यवस्था र सोको कार्यान्वयन अवस्थाका सबल एवं दुर्बल पक्षहरुबारे छलफल गरिएको थियो ।



भ्रष्टाचारविरुद्ध सर्वोच्च लेखापरीक्षण संस्थाको आचारसंहिता पुनरावलोकन सम्बन्धी कार्यक्रममा सहभागी विभिन्न देशका प्रतिनिधिहरु ।

इन्डोनेशियामा आयोजित वन क्षेत्र सम्बन्धी लेखापरीक्षण तालिममा सहभागिता

इन्डोनेशियाको जाकार्तामा Audit Board of Indonesia र INTOSAI Working Group on Environment Auditing (WGEA) ले संयुक्त रुपमा १६ देखि २० सेप्टेम्बर, २०१९ सम्म आयोजना गरेको "6th INTOSAI International Training On Forestry Audit" कार्यक्रममा नेपालको तर्फबाट कार्यालयका निर्देशक श्री पशुपतिकुमार काफ्लेले सहभागिता जनाउनुभयो । उक्त कार्यक्रममा नेपालसहित ११ देश र युरोपियन कोर्ट अफ अडिट, लक्जेम्बर्ग समेतबाट गरी २७ जनाको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा Sustainable Development Goals(SDG) अन्तर्गत वन सम्बन्धमा संयुक्त राष्ट्रसंघबाट निर्धारण भएका Global Indicator Framework अनुरुप निर्धारित कामहरु समयमै प्रभावकारी रुपमा सम्पन्न भए-नभएको सम्बन्धमा लेखापरीक्षण गर्दा ध्यान दिनुपर्ने विषयहरु र सो अनुरुप काम गर्न गराउन सम्बन्धित सर्वोच्च लेखापरीक्षण संस्था (SAI) को तर्फबाट गर्नुपर्ने काम कारबाहीका विषयमा छलफल भएको थियो । त्यस क्रममा वन क्षेत्रको लेखापरीक्षणमा Global Positioning System (GPS), Geographic Information System (GIS) र Drone जस्ता प्रविधिको प्रयोग र सोको कार्य प्रक्रिया सम्बन्धमा एक राष्ट्रिय निकुञ्जको स्थलगत अवलोकन समेत गरिएको थियो ।



वन क्षेत्र सम्बन्धी लेखापरीक्षण तालिममा निर्देशक श्री पशुपतिकुमार काफ्ले र अन्य देशका प्रतिनिधिहरु ।

चीनमा आयोजित लेखापरीक्षण सम्बन्धी कार्यक्रममा सहभागिता

महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरुको १५ सदस्यीय टोलीले जनवादी गणतन्त्र चीनको हुनान प्रान्तस्थित चाङ्सा शहरमा २०१९ सेप्टेम्बर ३ देखि १६ सम्म Human International Business Vocational College मा आयोजित "Seminar for Auditory Organization Officials of Nepal" कार्यक्रममा सहभागिता जनाएको छ। कार्यालयका निर्देशकहरु श्री उपेन्द्र केशर खनाल, श्री तारा कुमार सुवेदी, श्री जगन्नाथ घिमिरे, लेखापरीक्षण अधिकारीहरु श्री नारायण प्रसाद अधिकारी, श्री जीवन कुमार मल्ल, श्री विष्णुप्रसाद पौड्याल, श्री ठाकुरप्रसाद पण्डित, श्री शालिकराम पोखेल, श्री कृष्णप्रसाद पौडेल, श्री विधान अर्याल, श्री संगीता फुँयाल, श्री शैलेन्द्र कुमार प्रसाई, श्री डिल्लीराम खनाल, श्री डिल्ली बहादुर ओली र श्री कृपा मरहट्ठा उक्त कार्यक्रममा सहभागी हुनुभएको थियो।

कार्यक्रममा सहभागी कर्मचारीलाई चीनको लेखापरीक्षण प्रणाली, लेखापरीक्षण सम्बन्धी नीतिगत तथा संस्थागत व्यवस्था, लेखाप्रणाली, आन्तरिक नियन्त्रण प्रणाली, सार्वजनिक प्रशासन तथा सुधार, चिनियाँ अनुसन्धान तथा अभियोजन पद्धति, परम्परागत चिनियाँ कानूनी संस्कृति, चिनियाँ श्रम कानून प्रणाली लगायतका विषयमा प्रशिक्षण दिइएको थियो।



चीनमा आयोजित कार्यक्रम सहभागी कर्मचारीहरु।

चीनमा आयोजित एसियाली मूल्याङ्कन सप्ताह, २०१९ मा सहभागिता

Asian Development Bank (ADB) र चीनको अर्थ मन्त्रालय अन्तर्गतको Asia-Pacific Finance and Development Institute (AFDI) ले २०१९ सेप्टेम्बर २ देखि सेप्टेम्बर ५ सम्म संयुक्त रुपमा आयोजना गरेको "Quality Evaluation for Better Results : Local, National, Regional Perspectives" विषयक ४ दिने कार्यक्रममा कार्यालयका तर्फबाट नायव महालेखापरीक्षक श्री श्रीकुमार राईले सहभागिता जनाउनुभयो। सो कार्यक्रममा नेपाल सहित एशिया प्रशान्त क्षेत्रका ३० वटा देशका केन्द्रीय अनुगमन तथा मूल्याङ्कन निकाय/संस्था एवं सर्वोच्च लेखापरीक्षण संस्थाका गरी २५० जना पदाधिकारीहरूको सहभागिता रहेको थियो।

कार्यक्रमको उद्घाटन समारोहमा AFDI का महानिर्देशक श्री Lli Kouqing, ADB फिलिपिन्सका श्री Marvin Tailor, चीनको अर्थ मन्त्रालय, बजेट विभागका उपमहानिर्देशक श्री Hao Lei, ADB का Vice President Chen Shixin लगायतका पदाधिकारीहरुले सम्बोधन गर्दै कार्यक्रमको उद्देश्य, महत्व र उपादेयता सम्बन्धमा प्रकाश पार्नुभएको थियो।

चार वटा संयुक्त प्यानल प्रस्तुती सहित जम्मा ३० वटा सत्रहरूमा ADB, AFDI, World Bank, Europian Bank of Reconstruction and Developlment, JICA लगायत विभिन्न संस्था र देशहरूको तर्फबाट कार्यपत्रहरू प्रस्तुत गरिएको थियो। उक्त कार्यपत्रहरूमा विभिन्न देश तथा परियोजनाहरूमा अपनाईएको अनुगमन मूल्याङ्कन सम्बन्धी अभ्यास सोको सबल र दुर्बल पक्षहरू, आगामी दिनमा अनुगमन तथा मूल्याङ्कनमा आईपर्ने सम्भावित चुनौति र अवसर बारे प्रस्तुत गर्दै अन्य देशको अनुभव समेत आदान प्रदान गरिएको थियो।



एसियाली मूल्याङ्कन सप्ताह, २०१९ मा सहभागी नायव-महालेखापरीक्षक श्री श्रीकुमार राई र अन्य सहभागी।

थाइल्याण्ड र भियतनाममा आयोजित रेड कार्यान्वयन सम्बन्धी कार्यक्रममा सहभागिता



कार्यक्रममा सहभागी विभिन्न देशका प्रतिनिधिहरु ।

विश्व बैंकको सहयोगमा थाइल्याण्डस्थित Burapha University ले जुन ३० देखि जुलाई ७ सम्म थाइल्याण्ड र भियतनाममा आयोजना गरेको Essentials on REDD Implementation in South East Asia विषयक कार्यक्रममा कार्यालयका निर्देशक श्री अनन्तप्रसाद तिवारीले सहभागिता जनाउनुभयो । साथै जुलाई ७ देखि १४ सम्म थाइल्याण्ड र लाओसमा आयोजित सोही नामक कार्यक्रममा लेखापरीक्षण अधिकारी श्री कमलाकुमारी कार्की सहभागी हुनुभएको थियो । उक्त कार्यक्रममा वन तथा वातावरण मन्त्रालय र रेड कार्यान्वयन केन्द्र, नेपालका अन्य कर्मचारीहरुको समेत सहभागिता रहेको थियो ।

United Nations Framework Convention on Climate Change (UNFCC) को सम्मेलनमा वातावरणीय परिवर्तनलाई न्यूनीकरण गर्ने हरितगृह ग्यास विसर्जनमा कमी ल्याई विकासोन्मुख मुलुकमा वन व्यवस्थापन गर्ने उद्देश्यले REDD (Reducing Emission from Deforestation and Forest Degradation) को अवधारणा ल्याइएको हो । नेपाल लगायत दक्षिण एसियाका विकासशील राष्ट्रहरुमा सञ्चालित यस कार्यक्रमको प्रमुख लक्ष्य कार्बन उत्सर्जनमा कमी ल्याउने र वनजंगलको मात्रा बढोत्तरी गरी वातावरणीय सन्तुलन कायम राख्न टेवा दिने रहेको छ । उक्त भ्रमणको अवसरमा नेपाल, भियतनाम र लाओस लगायतका देशमा कार्बन उत्सर्जनको स्थिति र ती देशहरुले विगत देखि हालसम्म वनजंगल संरक्षणका क्षेत्रमा गरेका प्रयासहरु तथा वनक्षेत्रको अद्यावधिक स्थिति लगायतका विषयमा छलफल गरिनुका साथै कार्यपत्र समेत प्रस्तुत गरिएको थियो ।

हाल REDD कार्यक्रम अन्तर्गत प्रमुख ५ क्रियाकलाप समावेश गरिएको छ । रेडप्लस कार्यक्रममा वन विनाशका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, वन क्षयीकरणका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, वन कार्बन सञ्चिति संरक्षण, वनको दिगो व्यवस्थापन र वन कार्बन सञ्चिति अभिवृद्धिलाई मुख्य रुपमा समावेश गर्नुपर्ने जानकारी सो अवसरमा दिइएको थियो ।

नेपालले सन् २००८ देखि नै REDD को तयारीका सन्दर्भमा विभिन्न गतिविधि सञ्चालन गर्दै आएकोमा हाल वनक्षेत्र ४४.४७ प्रतिशत रहेको, भियतनामको ४४ प्रतिशत, थाइल्याण्डको ३१.५ र लाओसमा ६० प्रतिशत रहेको व्यहोरा उक्त कार्यक्रममा जनाइएको थियो । भ्रमणका अवसरमा थाइल्याण्ड, भियतनाम र लाओसका विभिन्न वनक्षेत्रको अवलोकन भ्रमण गरिनुका साथै वनक्षेत्र अभिवृद्धि गर्न सञ्चालित क्रियाकलापबारे स्थलगत भ्रमण समेत गरिएको थियो ।

थाइल्याण्डमा आयोजित वातावरणीय लेखापरीक्षण कार्यसमूहको बैठकमा सहभागिता



इन्टोसाई वातावरणीय लेखापरीक्षण कार्यसमूहको बैठकमा सहभागी विभिन्न देशका प्रतिनिधिहरु ।

अन्तर्राष्ट्रिय सर्वोच्च लेखापरीक्षण संस्थाहरुबीच वातावरणीय लेखापरीक्षण सम्बन्धी ज्ञान र अनुभव आदानप्रदान गर्ने उद्देश्यले २०१९ अगष्ट ६ देखि ९ सम्म थाइल्याण्डको राजधानी बैंककमा INTOSAI WGEA (Working Group on Environmental Auditing) को १९ औं सभाको बैठक सम्पन्न भयो । उक्त बैठकमा आयोजक राष्ट्र थाइल्याण्ड, अध्यक्षता गर्ने राष्ट्र इन्डोनेसिया लगायत एसोसाई, युरोसाई, पसाई, एफ्रोसाई, ओलासेफ्स र अरबोसाई समेत ४९ देशका सर्वोच्च लेखापरीक्षण संस्थाका ११७ जना पदाधिकारी तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । सो कार्यक्रममा कार्यालयको तर्फबाट उप-महालेखापरीक्षक श्री बाबुराम गौतम र निर्देशक श्री सुरेश शर्माले सहभागिता जनाउनुभएको थियो ।

बैठकमा थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था स्टेट अडिट अफिस (SAO) का महालेखापरीक्षक Mr. Genral Chanathap Indomra, थाइल्याण्ड सरकारका पूर्वमन्त्री Dr. Kobsak Pootrakool र अडिट बोर्ड अफ दि रिपब्लिक अफ इन्डोनेसियाका अध्यक्ष तथा INTOSAI WGEA का अध्यक्ष प्रा.डा. Moermahadi Soerja Djanegara ले स्वागत मन्तव्य तथा प्रमुख विषयमा मन्तव्य राख्नुभएको थियो । यसअघि INTOSAI WGEA को अध्यक्षता The Audit Board of the Republic of Indonesia ले गर्दै आएकोमा यस बैठकबाट National Audit Office of Finalnd लाई हस्तान्तरण गरिएको छ ।

सो अवसरमा क्यानडा, ब्राजिल र इन्डोनेसियाका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रतिनिधिहरुले सन् २०१७ देखि २०१९ सम्मको वातावरणीय लेखापरीक्षण र दिगो विकास लक्ष्यसम्बन्धी योजनाको उपलब्धि र अन्य देशका प्रतिनिधिले वातावरणीय लेखापरीक्षण सम्बन्धमा भए गरेका अनुभव तथा कार्यमूलक लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा सम्बन्धमा कार्यपत्र प्रस्तुत गरेका थिए । बैठकमा Climate Finance, Plastic Waste र Sustainable Transport सम्बन्धी तीनवटा समानान्तर कक्षा सञ्चालन भएकोमा नेपालबाट Climate Finance र Plastic Waste विषयमा सहभागिता जनाएको थियो । सो अवसरमा वातावरणीय लेखापरीक्षण सम्बन्धी अनुभव आदान प्रदान गरिएको थियो । यसबाट सर्वोच्च लेखापरीक्षण संस्थाले गर्ने वातावरणीय लेखापरीक्षणलाई थप प्रभावकारी बनाउन सहयोग पुग्नुका साथै आपसी हित प्रवर्द्धनमा सघाउ पुग्ने अपेक्षा समेत गरिएको छ ।

दिगो विकास लक्ष्य सम्बन्धी बैठकमा माननीय महालेखापरीक्षकज्यूको सहभागिता



दिगो विकास लक्ष्य सम्वन्धी संयुक्त राष्ट्रसंघीय कार्यक्रममा सहभागिता जनाउनुहुँदै माननीय महालेखापरीक्षकज्यू समेतका पदाधिकारीहरु ।

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू United Nations Department of Social and Economic Affairs (UNDESA) र INTOSAI Development Initiative (IDI) ले संयुक्त राज्य अमेरिकाको न्यूयोर्कस्थित संयुक्त राष्ट्र संघ मुख्यालयमा २०१९ जुलाई २२ र २३ मा आयोजना गरेका Supreme Audit Institutions Making a Difference: Auditing the Implementation of the Sustainable Development Goals (SDGs) विषयक बैठकमा सहभागी हुनुभयो । उक्त बैठकमा विभिन्न सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुख तथा पदाधिकारीहरू, IDI का बोर्ड सदस्यहरू, इन्टोसाई, नागरिक समाज, विश्व बैंक तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरु गरी २४० जनाभन्दा बढी उपस्थिति रहेको थियो । कार्यक्रममा उप-महालेखापरीक्षक श्री राममाया कुँवर तथा निर्देशक श्री सत्यनारायण थापाको समेत सहभागिता रहेको थियो ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले दिगो विकास लक्ष्य कार्यान्वयनको तयारीका लागि नेपालले गरेको संयन्त्रको व्यवस्था, कार्यान्वयनका साधन, दिगो विकास लक्ष्यको अनुगमन र मूल्याङ्कनको स्थितिका सम्बन्धमा आफ्नो धारणा राख्नु भएको थियो । सो क्रममा उहाँले दिगो विकास लक्ष्यको लेखापरीक्षणका लागि सर्वोच्च लेखापरीक्षण संस्थाको क्षमता विकास गर्न विशेष ध्यान दिनुपर्ने व्यहोरा औँल्याउदै नेपालले दिगो विकास लक्ष्य कार्यान्वयनको विषय महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजनामा समावेश, SDG Unit गठन गरेका र अन्य समकक्षी संस्थाहरुसँग सहकार्य गर्ने नीति अनुरूप स्टेट अडिट अफिस, थाईल्याण्डसँग निकट भविष्यमा एक समझदारीपत्रमा हस्ताक्षर गर्ने योजना रहेको जानकारी गराउनु भयो ।

त्यस अवसरमा माननीय महालेखापरीक्षकज्यूको विभिन्न देशका समकक्षीहरूसँग द्विपक्षीय भेटघाट भएको थियो । सो क्रममा International Budget Partnership (IBP) द्वारा आयोजित दुई वटा सहायक इभेन्टमा माननीय महालेखापरीक्षक टिप्पणीकर्ताका रूपमा सहभागी हुँदै Auditing Budget Promises: The Role of SAIs in Assessing and Strengthening Budget Credibility विषयक सत्रमा बजेट विचलन, विचलनको विश्लेषण तथा बजेटको प्रभावकारी तर्जुमा र कार्यान्वयनका सन्दर्भमा सर्वोच्च लेखापरीक्षण संस्थाको

भूमिकाबारे प्रकाश पार्नुभएको थियो ।

उक्त भ्रमणको सिलसिलामा संयुक्त राज्य अमेरिकाको न्यूयोर्कस्थित नेपालको महावाणिज्य दूतावासको कार्यालय र संयुक्त राष्ट्र संघका लागि स्थायी नियोग तथा वासिंगटन डि.सी. स्थित नेपाली राजदूतावासमा स्रोतको व्यवस्थापन र बेरूजु फर्छ्यौटको स्थितिका सम्बन्धमा छलफल समेत भएको थियो ।

एसोसाई गभर्निङ्ग बोर्डको ५४ औं बैठक कुवेतमा सम्पन्न



एसोसाई गभर्निङ्ग बोर्डको ५४ औं बैठकमा सहभागी विभिन्न देशका प्रतिनिधिहरु ।

एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन (एसोसाई) गभर्निङ्ग बोर्डको ५४ औं बैठक State Audit Bureau of Kuwait को आयोजनामा जुलाई २३ र २४ मा कुवेतमा सम्पन्न भयो । उक्त बैठकमा कार्यालयको तर्फबाट उप महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल र निर्देशक श्री चन्द्रकान्त भण्डारीले सहभागिता जनाउनु भएको थियो । बैठकमा एसोसाईको अध्यक्ष रहेको भियतनामको सर्वोच्च लेखापरीक्षण संस्था, महासचिव रहेको चीनको सर्वोच्च लेखापरीक्षण संस्था, क्षमता विकास प्रशासक रहेको जापानको सर्वोच्च लेखापरीक्षण संस्था तथा विभिन्न कार्यसमूहमा प्रतिनिधित्व गर्ने सर्वोच्च लेखापरीक्षण संस्थाले तयार गरेका विभिन्न २१ एजेण्डा तथा प्रतिवेदनउपर छलफल भई पारित गरिएको थियो ।

गभर्निङ्ग बोर्डको बैठक पूर्व जुलाई २१ र २२ मा एसोसाई अन्तर्गत रणनीतिक योजना कार्यदल र क्षमता विकास समितिको बैठक सम्पन्न भएको थियो । जसमा निर्देशक श्री भण्डारीले सहभागिता जनाउनु भएको थियो । कार्यक्रममा एसोसाईको क्षमता विकास प्रशासक रहेको जापानको सर्वोच्च लेखापरीक्षण संस्थाले तयार गरेको प्रतिवेदनउपर छलफल हुनुका साथै INTOSAI Development Initiative का प्रतिनिधिले समेत क्षमता विकास सम्बन्धी कार्यक्रमहरुको बारेमा प्रस्तुतीकरण गरेका थिए ।

सो अवसरमा ५४ औं गभर्निङ्ग बोर्डको एजेण्डा आईटम-१२ अन्तर्गत आगामी सेप्टेम्बरमा रुसमा आयोजना हुने इन्टोसाईको महासभादेखि लागू हुने गरी एसोसाईको तर्फबाट ईन्टोसाई गभर्निङ्ग बोर्डमा भाग लिन जापान र थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था निर्वाचित भएका थिए । सो क्रममा कार्यालयको टोलीले कुवेतस्थित नेपाली दूतावास पुगी कुवेतका लागि नेपालका महामहिम राजदूत श्री दुर्गाप्रसाद भण्डारी र अन्य कर्मचारीहरुसँग लेखापरीक्षण विषयमा छलफल गरेको थियो ।

मस्को घोषणापत्र २०१९ को सारांश

INTOSAI Frame work for Professional Pronouncements को आधारमा सार्वजनिक लेखापरीक्षणलाई दिशानिर्देश गर्न (क) दिगो विकास लक्ष्यसँग सम्बन्धित राष्ट्रिय लक्ष्य प्राप्तिको सन्दर्भमा स्वतन्त्र बाह्य जाँच निरीक्षण सेवा प्रदान गर्ने (ख) प्रविधिमा भएको प्रगतिले ल्याएको परिवर्तनलाई प्रभावकारी तवरले सम्बोधन गर्ने (ग) सर्वोच्च लेखापरीक्षण संस्थाको प्रभावकारिता अभिबृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । उक्त महासभाबाट देहाय बमोजिमको दश बुदाँको मस्को घोषणापत्र जारी गरियो ।



१. **राष्ट्रिय प्राथमिकता एवं दिगो विकासका लक्ष्य प्राप्तिको लागि सरकारलाई पारदर्शी, सूचनामुलक र नतिजाप्रति उत्तरदायी बनाई योगदान गर्न सर्वोच्च लेखापरीक्षण संस्था (SAI) उत्प्रेरित हुनेछन् ।** सरकारलाई संसद र जनताप्रति उत्तरदायी बनाउन कार्यसम्पादन र नतिजामा आधारित सार्वजनिक व्यवस्थापनको अवधारणा प्रयोगमा ल्याउने, कार्यसम्पादन सूचकाङ्कलाई लक्ष्यसँग आवद्ध गर्न जोड दिने र एक सार्वजनिक निकाय वा कार्यक्रमको भन्दा समग्रतामा मुल्याङ्कन गर्ने व्यवस्था मिलाउन सर्वोच्च लेखापरीक्षण संस्थाले ध्यान दिनुपर्दछ ।

२. **सर्वोच्च लेखापरीक्षण संस्थालाई राष्ट्रिय प्राथमिकता एवं दिगो विकासका लक्ष्य प्राप्तिमा सहयोग पुग्ने सार्वजनिक लेखापरीक्षणको रणनीतिक दृष्टिकोण निर्धारण गर्न प्रोत्साहित गरिनेछ ।** राष्ट्रिय लक्ष्य प्राप्त गर्ने सरकारको क्षमतालाई समन्वयात्मक ढंगले Whole of the Government Approach मा मूल्याँकन गर्ने र उद्देश्य लक्ष्य निर्धारण, सोको राष्ट्रिय रणनीतिसँग सामाञ्जस्यता परीक्षण गर्दै पृष्ठपोषण प्राप्त गर्ने कार्य पर्दछन । ईन्टोसाईले दिगो विकासको लक्ष्य २०३०

प्राप्तिका माध्यमबाट जनताको जीवनस्तरमा परिवर्तन ल्याउन निर्णायक योगदान पुऱ्याउने उद्देश्य राखेको छ। तसर्थ सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रता, बजेट चक्र उपरको विशिष्ट दृष्टिकोण र विस्तृत क्षेत्रगत ज्ञानले दिर्घकालीन राष्ट्रिय एवं दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउनेछ।

३. **सार्वजनिक प्रशासन र सरकारी कार्य सञ्चालनका रणनीतिक विषयहरुमा सल्लाह एवं सुझाव प्रदान गरी सार्वजनिक लेखापरीक्षणको सार्थकता अभिवृद्धि गरिनेछ ।** स्वतन्त्रता सन्दर्भमा लिमा र मेक्सिको घोषणापत्रको विरुद्ध नहुने गरी सर्वोच्च लेखापरीक्षण संस्था ले सल्लाहकार सेवा उपलब्ध गराईदै लेखापरीक्षण क्रियाकलापहरुको माध्यमबाट समेत लेखापरीक्षणको महत्व बढाउने कार्य गनुपर्दछ । यसक्रममा सर्वोच्च लेखापरीक्षण संस्थाले निर्णय एवं नीति निर्माण र सरकारको व्यवस्थापकीय कार्यमा हस्तक्षेप नहुने गरी जटिल संवेदनशील तथा रणनीतिक विषयमा सुझाब प्रदान गर्न सक्दछ । फलस्वरुप विशेषज्ञता र असल अभ्यासको माध्यमबाट सर्वोच्च लेखापरीक्षण संस्था ले सुशासन प्रर्बद्धन गर्न महत्वपूर्ण सहयोग गर्नेछ।

४. **सर्वोच्च लेखापरीक्षण संस्थाले Data, source code / algorithm को उपलब्धता र खुलापनलाई प्रोत्साहित गर्नेछन ।** सार्बजनिक प्रशासनमा उत्पत्ति भएका तथ्याङ्क खुला ढाँचामा उपलब्ध गराउने व्यवस्थाको प्रर्बद्धन हुनुपर्दछ । कानुनी रुपमा गोपनीय हुनुपर्ने विषय बाहेकका सरकारी तथ्यांकको उपलब्धता प्रर्वद्धन र खुलापनले पारदर्शिता र जवाफदेहिता प्रर्बद्धनमा सहयोग गर्दछ । सर्वोच्च लेखापरीक्षण संस्था ले सरकारको स्वचालित निर्णय प्रणालीको खुलापनलाई प्रर्बद्धन गर्ने एवं लेखापरीक्षणका नतिजाहरुलाई खुला ढाँचामा उपलब्ध गराउने सम्बन्धमा ध्यान दिनुपर्दछ।

५. **सर्वोच्च लेखापरीक्षण संस्थाले लेखापरीक्षणमा Data analytics को प्रभावकारी प्रयोग गर्नेछन ।** सर्वोच्च लेखापरीक्षण संस्था मा Data analytics लगायत नवीनतम् आविष्कारको आवश्यकता पर्दछ । यसको प्रयोगबाट सार्वजनिक प्रशासनको दक्षता, प्रभावकारिता, पारदर्शिता र जवाफदेहिता प्रर्वद्धन हुने देखिन्छ । सर्वोच्च लेखापरीक्षण संस्था ले Data Analytics बाट सञ्चालित हुने, लेखापरीक्षणमा आईपर्ने चूनौतीलाई सामना गर्ने र अनुकुलन रणनीति अबलम्बन गर्नेछन । जसअर्न्तगत लेखापरीक्षणको उपयुक्त योजना तयार गर्ने, Data Analytic को लागि अनुभवी समूह खडा गर्ने र नयाँ प्रविधि एवं औजारहरु प्रयोगमा ल्याउने आदि क्रियकलापहरु पर्दछन् ।

लेखापरीक्षणमा Big Data analytic र Artificial Intelligence को प्रयोगमा सर्वोच्च लेखापरीक्षण संस्थाले जोड दिनेछन् । जसले गर्दा स्थलगत कार्य एवं अनुगमनगर्न सहज हुने, जोखिमलाई घटाउन सहयोग पुग्ने हुन्छ। तर्सथ सर्वोच्च लेखापरीक्षण संस्था ले Academic institutions लाई सहभागी गराई लेखापरीक्षण विधिको बारेमा अनुसन्धान गर्ने र सर्वोच्च लेखापरीक्षण संस्थाका अन्तर्राष्ट्रिय संस्थाहरुले Big Data र Artificial Intelligence को बारेमा अनुभव आदन प्रदान एवं क्षमता अभिबृद्धिका क्रियाकलाप सञ्चालन गरी फाइदा लिन सक्नेछन् ।

६. **नवीनता र विकासलाई बढावा दिनको लागि सर्वोच्च लेखापरीक्षण संस्थाले प्रयोगात्मक मनस्थिति (Experimental mindset) लाई संरक्षण (Fostering) गर्नेछन् ।** सर्वोच्च लेखापरीक्षण संस्था ले उदाहरणीय कार्य गर्न नवीनतम प्रविधिको प्रयोगात्मक क्षमता अभिवृद्धि गर्ने, सार्वजनिक नीतिमा प्रयोगात्मक अभ्यासको माध्यमबाट नतिजा प्राप्तीका नवीनतम मार्ग पहिल्याउन प्रोत्साहित गर्ने र जटिल विषयहरुमा राम्रो नतिजा प्राप्त गर्न प्रयोगात्मक पद्धतिलाई बढावा दिनुपर्दछ।

७. **सर्वोच्च लेखापरीक्षण संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जोखिम क्षेत्रहरु पहिचान गर्न केन्द्रित हुने र एक निकायको सञ्चालनसँग सम्बन्धित जोखिमभन्दा सरकारको प्रणालीसँग सम्बन्धित जोखिमको व्यबस्थापनमा ध्यान दिनेछन् ।** जोखिम व्यवस्थापन सर्वोच्च लेखापरीक्षण संस्था को नियमित व्यवस्थापकिय प्रकृयामा समावेश गरिनेछ । सर्वोच्च लेखापरीक्षण संस्थाले उच्चतहका सरकारी लक्ष्य प्राप्तिसँग सम्बन्धित जोखिमहरु सामना गर्न उपयुक्त सुझावहरु प्रदान गर्नेछन् । यसको लागि

सर्वोच्च लेखापरीक्षण संस्था ले दूरदर्शी समूह गठन गरी लेखापरीक्षण एवं गैर लेखापरीक्षणका क्रियाकलापबाट दूरदर्शी दृष्टिकोण राख्न थाल्नुपर्दछ ।

८. **सर्वोच्च लेखापरीक्षण संस्थाले Data analytic, artificial intelligence tools, qualitative methods, enhance innovation, strategic player, knowledge exchanger को रुपमा काम गर्न सक्नेलाई भविष्यका लेखापरीक्षकको रुपमा संरक्षण एवं विकास गर्नेछन् ।** लेखापरीक्षकको क्षमता र सीप सर्वोच्च लेखापरीक्षण संस्था को सम्पती हो र कर्मचारीको पेशागत विकासको गर्नु यसको उद्देश्य हो । परिवर्तित लेखापरीक्षणको वातावरणमा सर्वोच्च लेखापरीक्षण संस्थाका लेखापरीक्षकमा रणनैतिक सोंच, तथ्यांकको विश्लेषण र प्रस्तुतीकरण एवं सञ्चार र सहमती गराउने सीप आवश्यक हुनेछ । विश्लेषणत्मक क्षमता विकास गर्न सर्वोच्च लेखापरीक्षण संस्थाले विश्लेषणात्मक ईकाई खडा गर्नुपर्दछ ।

९. **सर्वोच्च लेखापरीक्षण संस्थाले Living no behind को सिद्धान्त अनुरुप दिगो विकास लक्ष्यको लेखापरीक्षण गर्दा समावेशीकरण र लैङ्गिक एजेण्डालाई जोड दिनेछ ।** सर्वोच्च लेखापरीक्षण संस्थाले आफ्नो अन्तर क्षेत्रगत विशेषज्ञताको फाईदा लिई दिगो विकास लक्ष्यसँग सम्बन्धित क्षेत्रहरु जस्तै वातावरण, शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता र सुशासनमा योगदान पुऱ्याउने छन । सर्वोच्च लेखापरीक्षण संस्थाले दिगो विकास लक्ष्यको कार्यान्वयन अनुगमन गर्न राष्ट्रिय तथ्यांक प्रणालीको तयारी र उपलब्ध कार्यसम्पादन सुचकांकको आधारमा लक्ष्य प्राप्तिको मूल्याङ्कन गर्नेछन ।

१०. **सर्वोच्च लेखापरीक्षण संस्थाले लेखापरीक्षण गराउने निकायसँगको productive अन्तरक्रियाको माध्यमबाट लेखापरीक्षणको प्रभाव अभिबृद्धि गर्ने र शैक्षिक संस्था र साधारण जनतासँग समन्वय र सञ्चारलाई बढाबा दिनेछन् ।** सर्वोच्च लेखापरीक्षण संस्थाले प्रभावकारी सञ्चारको माध्यमबाट राष्ट्रिय हितका जोखिमयुक्त विषय पहिचान एवं विश्लेषण गर्ने लाभ प्राप्त गर्न सक्दछन् । सूचनाको प्राप्ति एवं प्रमाणको विश्लेषण गर्न विशेषज्ञ, प्राज्ञिक समूहसँगको सञ्चार सम्बन्ध महत्वपूर्ण साधन हुने र यसबाट विधि र पद्धतिगत सुधार एवं विकास गर्न सहयोग हुनेतर्फ सर्वोच्च लेखापरीक्षण संस्थाको ध्यान जानु आवश्यक छ । सर्वोच्च लेखापरीक्षण संस्थाले जनताको सहभागिता (Citizen Engagement) बाट प्राथमिक स्रोतको सूचना प्राप्त गर्ने, पब्लिकको प्रेरणा र विश्वास प्रर्वद्धन गर्ने र सामूहिक प्रयासबाट सार्वजनिक चुनौतिको सामना गर्न नवीनतम सुझाव प्रस्तुत गरी लाभ प्राप्त गर्न सक्दछन् ।

नायब-महालेखापरीक्षक काफ्लेलाई उत्कृष्ट निजामती सेवा पुरस्कार

२२ भाद्र, २०७६

महालेखापरीक्षकको कार्यालयका नायब-महालेखापरीक्षक श्री महेश्वर काफ्ले उत्कृष्ट निजामती सेवा पुरस्कार-२०७६ बाट सम्मानित हुनुभएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत नामावली सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सिंहदरबारमा आयोजित एक कार्यक्रमकाबीच सार्वजनिक गरेको थियो । निजामती सेवाको माध्यमबाट देशको विकास र नागरिक प्रति समर्पित रही गरेको उत्कृष्ट कार्यको मूल्यांकन गर्दै सोह्रौ निजामती सेवा दिवसका अवसरमा नायब महालेखापरीक्षक काफ्लेलाई सो पुरस्कार प्रदान गर्ने निर्णय भएको हो ।

२०५१ चैत्र ७ गते लेखापरीक्षण अधिकारी पदमा नियुक्त हुनुभएका काफ्ले २०७० चैत्र २७ मा नायब महालेखापरीक्षक पदमा बढुवा हुनुभएको थियो । उहाँ महालेखापरीक्षकको कार्यालयमा विगत २५ वर्षदेखि निरन्तर सेवारत हुनुहुन्छ ।



पुरस्कृत नायब-महालेखापरीक्षक श्री महेश्वर काफ्ले ।

लेखापरीक्षण विषयमा चीनबाट अन्तर्राष्ट्रिय स्नातकोत्तरको उपाधि

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री विष्णुराज रिजालले मित्र राष्ट्र चीन सरकारको China Scholarship Council मातहत China Government Scholarship Auditing Master Program (CGSAMP) अन्तर्गत Nanjing Audit University बाट दुई वर्षे Masters in Auditing कोर्स पूरा गर्नुभएको छ । उहाँले यस कार्यालयका कर्मचारी मध्येबाट दोश्रो व्याचको रुपमा लेखापरीक्षण सम्बन्धी विषयमा अन्तर्राष्ट्रिय स्नातकोत्तरको उपाधि प्राप्त गर्नुभएको छ । उहाँ उक्त विश्वविद्यालयबाट आफ्नो ब्याचको उत्कृष्ट विद्यार्थीको रुपमा छनौट भई "Excellent Postgraduate of Nanjing Audit University" उपाधिबाट सम्मानित हुनुभयो । उक्त विषय अध्ययनका लागि चीन सरकारले ४१ राष्ट्रबाट सर्वोच्च लेखापरीक्षण संस्थाका ५९ जना विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराएको थियो । National Audit Office of China का Deputy Auditor General ले दीक्षान्त समारोहको प्रमुख आतिथ्यता गर्दै आगामी दिनमा पनि यस प्रकारका अध्ययनले निरन्तरता पाउँदै जाने बताउनुभयो । सो कार्यक्रममा उहाँले यस प्रकारको अध्ययन कार्यक्रमबाट सार्वजनिक लेखापरीक्षणमा दक्षता वृद्धि हुनुका साथै विभिन्न मुलुकको सार्वजनिक लेखापरीक्षणको असल अभ्यास सम्बन्धमा एक अर्काको ज्ञान, सीप र अनुभव आदान प्रदान गर्ने अवसर प्राप्त हुने बताउनु भयो ।



स्नातकोत्तर उपाधि प्राप्त गर्नु भएका लेखापरीक्षण अधिकारी श्री विष्णुराज रिजाल ।

२०७६ श्रावण महिनामा रमाना भई आएका कर्मचारी

क्र.सं.	पद	कर्मचारीको नाम	रमाना भई आएको मिति	कैफियत
१.	कम्प्युटर अपरेटर	श्री लोकेश भट्टराई	२०७६।०४।१६	
२.	कम्प्युटर अपरेटर	श्री निमिता पोखरेल	२०७६।४।२०	
३.	कम्प्युटर अपरेटर	श्री सरिता कार्की	२०७६।०४।२९	
४.	सहायक कम्प्युटर अपरेटर	श्री मनोज कुमार मगर	२०७६।०४।१५	
५.	सहायक कम्प्युटर अपरेटर	श्री शोभा कुमारी न्यौपाने	२०७६।०४।२१	

२०७६ भाद्र र आश्विन महिनासम्म रमाना भई गएका कर्मचारी

क्र.सं.	पद	कर्मचारीको नाम	रमाना भई गएको मिति	कैफियत
१	लेखापरीक्षण अधीक्षक	श्री सरोज भट्टराई	२०७६।०६।०६	नेपाल परराष्ट्र सेवाको शाखा अधिकृतमा सिफारिस

२०७६ श्रावणदेखि आश्विन महिनामा अवकास भएका कर्मचारी

क्र.सं.	पद	कर्मचारीको नाम	सुरु नियुक्ति मिति	अवकास मिति	कैफियत
१.	नायब महालेखापरीक्षक	श्री सुवर्ण प्रसाद ढकाल	२०३७।०५।२२	२०७६।०४।१५	अनिवार्य अवकाश
२	नायब महालेखापरीक्षक	श्री जीवन प्रसाद सुबेदी	२०३७।०५।२६	२०७६।०५।२७	
३.	निर्देशक	श्री तोयनाथ अर्याल	२०३९।१०।०९	२०७६।०४।०७	
४.	निर्देशक	श्री दल बहादुर महोत्रा	२०४१।०३।०९	२०७६।०४।२८	
५.	लेखापरीक्षण अधिकारी	श्री हरिबाबु थापा	२०३८।१०।२८	२०७६।०३।२९	
६.	लेखापरीक्षण अधिकारी	श्री मधुसुदन महत	२०४७।०२।०६	२०७६।०६।१०	
७.	लेखापरीक्षण अधिकारी	श्री कुमार आचार्य	२०३९।०४।०१	२०७६।०६।०३	

२०७६ आश्विन महिनामा नयाँ नियुक्ति भई आएका कर्मचारी

क्र.सं.	पद	कर्मचारीको नाम	रमना भई आएको मिति	कैफियत
१.	लेखापरीक्षण निरीक्षक	श्री सुमनचन्द्र पन्थ	२०७६।०६।१२	
२.	लेखापरीक्षण निरीक्षक	श्री विजय लिम्बू	२०७६।०६।१५	

२०७६ आश्विन महिनामा स्वदेशी तालिम तथा कार्यक्रममा सहभागिता

सि.नं	पद	कर्मचारीको नाम	कार्यक्रम	आयोजक संस्था	अवधि
१.	निर्देशक	श्री नारायण प्रसाद पराजुली श्री लोकनाथ घिमिरे	नतिजामुखी परियोजना निर्माण तथा अनुगमन कार्यशाला	एसियाली विकास बैंक	२०७६,असोज ७ र ८
२.	लेखापरीक्षण अधिकारी	श्री भिमप्रसाद रिजाल श्री बाबुराम भूल	प्रशिक्षक प्रशिक्षण	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७६ असोज ८-१५

२०७६ भाद्र र असोज महिनामा बढुवा भएका कर्मचारी

क्र.सं.	साविकको पद	हालको पद	कर्मचारीको नाम	बढुवा मिति	कैफियत
१.	लेखापरीक्षण अधिकारी	निर्देशक	श्री टोपलाल पौडेल	२०७६।०५।१०	आन्तरिक प्रतिस्पर्धा
२.	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री कृपा मरहट्ठा श्री पुष्पहरि पौडेल श्री ललिता ढुङ्गाना श्री शिवराज पौडेल श्री दीपकराज आचार्य श्री शीलादेवी श्रेष्ठ श्री नारायणप्रसाद आचार्य श्री सञ्जु ढकाल श्री गीता खनाल श्री डुन्नुराज भुसाल श्री सबिता चौधरी श्री सञ्जयकुमार साह श्री मनिराम राउत श्री प्रयास घिमिरे श्री अर्जुन गिरी	२०७६।०५।१५	ज्येष्ठता, कार्य सम्पादन तथा कार्यक्षमता मूल्याङ्कन

२०७६ श्रावणदेखि आश्विन महिनामा सम्पन्न वैदेशिक तालिम तथा कार्यक्रममा सहभागिता

क्र.सं.	पद	कर्मचारीको नाम	कार्यक्रम	देश	अवधि
१	उप-महालेखापरीक्षक	श्री राममाया कुँवर	SAI Leadership and Stakeholders Meeting	संयुक्त राज्य अमेरिका	जुलाई २२-२३, २०१९
२	निर्देशक	श्री सत्यनारायण थापा			

३	उप-महालेखापरीक्षक	श्री रामुप्रसाद डोटेल	54th ASOSAI GBM	कुवेत	जुलाई २१-२४, २०१९
४	निर्देशक	श्री चन्द्रकान्त भण्डारी			
५	उप-महालेखापरीक्षक	श्री बाबुराम गौतम	19th Assembly Meeting of INTOSAI WGEA	थाइल्याण्ड	अगस्ट ५-९, २०१९
६	निर्देशक	श्री सुरेश शर्मा			
७	निर्देशक	श्री अनन्त प्रसाद तिवारी	Essentials on REDD Implementation in South East Asia	थाइल्याण्ड र लाओस	जुन ३०-जुलाइ ७ , २०१९
८	नायब महालेखापरीक्षक	श्री श्रीकुमार राई	Quality Evaluation for Better Results: Local, National and Regional Prespectives	चीन	२ -५ सेप्टेम्बर,२०१९
९	निर्देशक	श्री उपेन्द्र केशर खनाल	Seminar for Auditory Organization Officails of Nepal	चीन	३ - १६ सेप्टेम्बर,२०१९
१०	निर्देशक	श्री तारा कुमार सुवेदी			
११	निर्देशक	श्री जगन्नाथ घिमिरे			
१२	लेखापरीक्षण अधिकारी	श्री नारायण प्रसाद अधिकारी			
१३	लेखापरीक्षण अधिकारी	श्री जीवन कुमार मल्ल			
१४	लेखापरीक्षण अधिकारी	श्री विष्णुप्रसाद पौड्याल			
१५	लेखापरीक्षण अधिकारी	श्री ठाकुरप्रसाद पण्डित			
१६	लेखापरीक्षण अधिकारी	श्री शालिकराम पोखेल			
१७	लेखापरीक्षण अधिकारी	श्री कृष्णप्रसाद पौडेल			
१८	लेखापरीक्षण अधिकारी	श्री विधान अर्याल			
१९	लेखापरीक्षण अधिकारी	श्री संगीता फुँयाल			
२०	लेखापरीक्षण अधिकारी	श्री शैलेन्द्र कुमार प्रसाईं			
२१	लेखापरीक्षण अधिकारी	श्री डिल्लीराम खनाल			
२२	लेखापरीक्षण अधिकारी	श्री डिल्ली बहादुर ओली			
२३	लेखापरीक्षण अधिकारी	श्री कृपा मरहट्ठा			
२४	निर्देशक	श्री पशुपतिकुमार काफ्ले	6th INTOSAI International Training on Forestry Audit	इण्डोनेसिया	१६ - २० सेप्टेम्बर,२०१९
२५	निर्देशक	श्री नारायण एमसी	SAI Fighting corruption,code of ethics –ISSAI 30	थाइल्याण्ड	३० सेप्टेम्बर-४ अक्टोबर, २०१९
२६	निर्देशक	श्री घनश्याम काफ्ले			
२७	लेखापरीक्षण अधिकारी	श्री सिर्जना रिमाल			
२८	नायब महालेखापरीक्षक	श्री विवेकानन्द घिमिरे	International Public Sector Accounting Standard Board Roundtable and Capacity Building Forum,2019	फिलिपिन्स	९-१० अक्टोबर, २०१९

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२०२६, चैत्र २६

स्वर्गारोहण:
वि.सं.
२०७६, असोज १८

स्व. खिमप्रसाद रेग्मी

यस कार्यालयमा लेखापरीक्षण अधिकारी पदमा कार्यरत अत्यन्त मिलनसार, सरल एवं मृदुभाषी कर्मचारी खिमप्रसाद रेग्मीको असामयिक स्वर्गारोहण भएकोमा दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९९५, पौष २५

स्वर्गारोहण:
वि.सं.
२०७६, श्रावण २२

स्व. मान बहादुर कार्की

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री कमला कुमारी कार्कीका पूजनीय पिता मान बहादुर कार्कीको असामयिक स्वर्गारोहण भएकोमा दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं

सार्वजनिक अनुरोध

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ र अन्य प्रचलित कानूनले तोकेबमोजिमका निकायहरुको लेखापरीक्षण गर्न २०७६ कार्त्तिक तेस्रो हप्तादेखि काठमाडौं उपत्यका सहित विभिन्न जिल्लास्थित संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका निकायहरुको लेखापरीक्षण कार्य प्रारम्भ हुनगईरहेकोछ ।

यस सन्दर्भमा सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोग, विकास निर्माण, राजस्व तथा खर्च र सेवा प्रवाहका सम्बन्धमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका विषय लेखापरीक्षणको सिलसिलामा हेर्न/ परीक्षण गर्न सकिने हुँदा उल्लिखित विषयमा कुनै जानकारी भएमा सम्बन्धित खटिने लेखापरीक्षण टोली वा यस कार्यालयलाई जानकारी गराइदिनु हुन अनुरोध गरिन्छ । साथै यस कार्यालयबाट सम्पादन गरिने कामको सम्बन्धमा गरिनुपर्ने सुधारका विषयमा कुनै सुझाव, सल्लाह एवं गुनासा भएमा देहायको ठेगानामा जानकारी गराई उद्देश्यमूलक, विश्वसनीय र गुणस्तरीय लेखापरीक्षण गर्न सहयोग पुऱ्याउन समेत सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

पत्राचार वा सम्पर्क गर्ने ठेगाना

महालेखापरीक्षकको कार्यालय, बबरमहल काठमाडौं ।
पोष्ट बक्स नं. १३३२८
फोन नं. : ०१-४२५८१७४, ४२६६०३४, ४२५५७०७, फ्याक्स नं. ०१-४२६२७९८, ४२६८३०९
इमेल : oagnep@ntc.net.np, info@oag.gov.np, वेभसाइट : www.oagnep.gov.np